**चीसोबाट बचौं**
-जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
-तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
-घर तथा कोठा न्यानो बनाऔं,
-बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
-बढी चीसोमा मर्निङ्गवाक नगरौं,
-दैनिक घाम ताप्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस १६ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 December 31 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२३

## अङ्ग्रेजी नयाँ वर्षमा पर्यटक भित्र्याउने तयारीमा पर्साका पालिकाहरू

प्रमोद यादव, पंचगावाँ, १५ पुस/

अङ्ग्रेजी नयाँ वर्षमा पर्यटक आउँदो अङ्ग्रेजी नयाँ वर्षमा यो ठाउँमा आन्तरिक तथा बाह्य पर्यटकहरूको मेलाको बेलामा मात्र निकुञ्जले आवागमन खुला गर्ने गरेको छ । नगरपालिकाले स्थानीयको सहयोगमा व्यवस्थित गर्दै जाने बताएका छन् ।



पर्सागढी नगरपालिकाको पर्सागढी मन्दिर, कोइलाभारमाई र भुमरीमाई मन्दिर, बुलबुले ताल र ठोरी गापाको राईधारा । तस्वीरः प्रतीक

भित्र्याउन पर्सा जिल्लाका विभिन्न पालिकाहरूले तयारी थालेका छन् ।

सन् २०२४ लाई बिदा दिने र २०२५ लाई स्वागत गर्ने क्रममा पर्सा जिल्लाको ठोरी गाउँपालिकामा सबैभन्दा बढी भारतीय तथा आन्तरिक पर्यटकहरूको चाप बढ्ने गरेको छ ।

यो पालिकामा भारतका विभिन्न स्थानबाट नयाँ वर्ष मनाउन मानिसहरू आउने गर्छन् । अङ्ग्रेजी नयाँ वर्षका साथै ठोरीमा छठ, होलीलगायत पर्वका सार्वजनिक बिदाहरूमा भारतीय पर्यटक तथा आन्तरिक पर्यटकहरूको अत्यधिक भीड हुने गर्छ । यसो त अहिले ठोरीमा आन्तरिक पर्यटकहरूको आवागमन बाह्रै महीना बढेको छ ।

पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन, सर्लाही, जनकपुर, काठमाडौं लगायतका क्षेत्रबाट मानिसहरू ठोरीमा रमाउन आउने गरेका छन् । ठोरीका पाँच स्थानमा पर्यटकहरूको भीड हुन्छ । राईधारा, सीतागुफा, बागमोर्चामाई, शिवमन्दिर, घ्याङडाँडा, बुद्ध मन्दिरका साथै महादेव मन्दिर, कृष्ण मन्दिर आदिमा पर्यटकहरूको आवागमन बढेको छ र सङ्ख्या बढ्ने अनुमान गरिएको छ । ठोरी गापाको सुवर्णपुरमा मधेस प्रदेशकै पहिलो होमस्टे छ । यसले पनि ठोरीमा पर्यटकहरूको आवागमन बढेको हो ।

ठोरी गापा उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले ठोरीका पाँचै स्थानमा पर्यटक भित्र्याउने गरी अङ्ग्रेजी नयाँ वर्षमा पनि गापाले तयारी गरेको बताइन् । उनले धार्मिक पर्यटकसमेतलाई लक्षित गरेर धर्मशाला, खानेपानी, बिजुलीबत्ती, पिकनिक स्पटबारे पालिकाले विशेष ध्यान दिंदै आएको बताए । उनले राईधारामा सबैभन्दा बढी पर्यटकहरूको आगमन हुने हुँदा त्यहाँ दैनिक दुईजना हेरालुलाई राखेर सफाइ गर्दै आएको बताइन् ।

पर्सा जिल्लाको ठोरीबाहेक जीराभवानी, पर्सागढी, पटेर्वासुगौलीका धार्मिक स्थलहरू तथा पिकनिक स्पटमा मानिसहरूको आवागमन हुने गरेको छ । पर्सा राष्ट्रिय निकुञ्ज रहेको पटेर्वासुगौलीको दुग्धेश्वर महादेव मन्दिर रामभौरी भाठामा बर्सेनि मेला लाग्छ र त्यहाँ मेला भर्नको लागि भारतीय पर्यटकका साथै आन्तरिक पर्यटकहरू ठूलो सङ्ख्यामा आउने गर्छन् । अन्य बखत यो स्थानमा आवागमन हुँदैन ।

पटेर्वासुगौलीको गादीमाई मन्दिरमा पनि पिकनिक गर्न मानिसहरू आउँछन् । पर्सागढी नपाका कोइलाभारमाई मन्दिर र आमोदेवीमाईमा मानिसहरू पिकनिक र घुम्नको लागि आउने गर्छन् । जङ्गल क्षेत्रसँग जोडिएको हुँदा यी ठाउँमा आन्तरिक पर्यटकहरूको आवागमन बढी हुने गरेको छ । सार्वजनिक बिदा र पर्वमा यो ठाउँमा भारतबाट पनि मानिसहरू पिकनिक गर्न आउँछन् । स्थानीय पालिकाले पिकनिक, वनभोज गर्नेहरूको लागि उचित व्यवस्थापन गर्न नसक्दा पर्यटकहरूको सङ्ख्या बढ्न नसकेको स्थानीयहरू बताउँछन् ।

विशेषतः सरसफाइको मामिलामा जङ्गल क्षेत्रसँग जोडिएका यी स्थान कमजोर देखिएका छन् । पिकनिक स्पटदेखि निकै टाढा बजार भएका कारण यहाँ आउने पर्यटकहरूलाई समस्या हुने गरेको छ । पर्सागढी नपाका प्रमुख गोकर्ण पाठकले कोइलाभारमाई र आमोदेवीमाईमा सरसफाइ, बिजुलीबत्ती, डस्टबिन, शौचालयको व्यवस्थापन भएको बताउँछन् । उनले केही व्यवस्थापकीय कमजोरीलाई समिति बनाएर सुधार गर्दै गएको बताए । उनले धार्मिक, ऐतिहासिक पर्यटकीय क्षेत्रलाई

पटेर्वासुगौली गापा अन्तर्गत भुमरीमाई (बुलबुले ताल), शिव मन्दिर, काली मन्दिरलगायतका स्थानमा पिकनिक र वैवाहिक कार्यक्रम गर्नेगरी धर्मशाला, विवाहमण्डप बनाइएका छन् तर शौचालय र सफाइको उचित व्यवस्थापन नहुँदा यो क्षेत्र आन्तरिक पर्यटकको रोजाइमा पनि खासै पर्न सकेको छैन । भुमरीमाई पर्यटकीय विकास समितिका अध्यक्ष कुमार बस्नेतले सफाइ, शौचालयलगायतको व्यवस्थापकीय काम आर्थिक समस्याका कारण कमजोर भएको र यो काममा पालिकाको ध्यानाकर्षण गराइएको बताए ।

## यशवन्तलाई पाखा लगाउँदै एमाले ?

प्रस, वीरगंज, १५ पुस/

सखुवाप्रसौनी गाउँपालिकामा हिजो आइतवार आयोजित एमालेको आमसभामा सहभागी प्रधानमन्त्री केपी शर्मा ओलीलगायतले आफ्नै पार्टीबाट निर्वाचित गापाध्यक्ष यशवन्त यादवलाई पाखा लगाएको प्रकाशमा आएको छ ।

कार्यक्रम अवधिभरि सहभागी वक्ताहरूले मन्तव्यको क्रममा गापाध्यक्ष यशवन्त यादवको नाम उच्चारण नै गरेनन् । आफ्नै पालिकामा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री आएका र आफूलाई कुनै पनि गतिविधिमा सामेल नगराइएकोमा गापाध्यक्ष यादव त दुःखी छन नै उनका समर्थकहरू आक्रोशित बनेका छन् ।

कार्यक्रममा सहभागी अतिथिहरूले मन्तव्यको क्रममा नवप्रवेशी जसपा नेपालबाट निर्वाचित पूर्वगापाध्यक्ष प्रदीप जयसवाल र उनका दाइ स्वतन्त्र उम्मेदवारबाट प्रदेशसभा सदस्यमा निर्वाचित प्रमोद जयसवालको नाम रटान गरे । नेकपा एमाले पर्साले आयोजना गरेको कार्यक्रममा आफूलाई कुनै क्रियाकलापमा सहभागी नगराउँदा उनी दुःख मनाउ गर्दैछन् । उनले पार्टी पङ्क्तिबाट आफूलाई नियतवश होच्याउने काम भएको भनी दुःखेसो पोखेका छन् । उनले पार्टी सङ्गठनको कुरा भएकोले यसको छिनोफानो पार्टीको बैठकमा गर्ने बताएका छन् ।

सखुवाप्रसौनी गापामा अध्यक्ष यादव र पूर्व गापाध्यक्ष जयसवालबीच लामो समयदेखि राजनीतिक प्रतिस्पर्धा रहँदै आएको छ । २०७४ को स्थानीय निर्वाचनमा यादव तमलोपाबाट लडेका थिए भने जयसवाल जसपा नेपालबाट । जयसवाल एमालेका नीलराज गिरीसँग झिनो मतान्तरले विजयी भएका थिए । यादव तेस्रो नम्बरमा थिए । २०७९ को स्थानीय निर्वाचनमा यशवन्त यादव एमालेबाट लडेर जसपा नेपालका प्रदीप जयसवाललाई पराजित गरेका थिए । शुरूदेखि प्रतिस्पर्धी भूमिकामा रहेका यादव र जयसवाल अहिले एकै पार्टीमा रहँदा पनि विवाद कायम नै छ । हिजो प्रम ओलीलाई स्वागत गर्ने क्रममा पनि दुईवटा हेलिप्याड बनेको थियो । गापा कार्यालयले बनाएको हेलिप्याडविरुद्ध जयसवालले पनि अर्को हेलिप्याड बनाएको तर सुरक्षा समितिले गापाको हेलिप्याडलाई वैधानिकता दिएर सोही स्थानमा प्रम ओली चढेको हेलिकप्टर अवतरण भएको थियो ।

अहिले जयसवाल एमालेमा प्रवेश गर्दाको अवस्थामा यादव आगामी निर्वाचनमा आफूले टिकट नपाउने हो कि भन्ने आशङ्का पालेर पार्टीको कार्यक्रममा उत्साहजनक सहभागिता नजनाएको एमाले पर्साका अध्यक्ष डा विश्वम्भर शर्मा बताउँछन । उनले पर्साबाट निर्वाचित नगरप्रमुख, उपप्रमुख, गापाध्यक्ष र उपाध्यक्षहरूलाई मञ्चमा आसन ग्रहण गराइएको तर गापाध्यक्ष यादव एकैछिन बसेर बाहिरिएको बताए । उनले गापाध्यक्ष यादवलाई पार्टीबाट पाखा नलगाएको र यादवले आफ्नो गापामा प्रम ओलीलाई हेलिप्याडमा स्वागत गरेर मञ्चसम्म पुऱ्याएर आफू पनि आसन ग्रहण गरेको बताए । एमाले पर्साका इन्चार्ज एवं सांसद प्रभु हजराले पनि गापाध्यक्ष यादवलाई पाखा नलगाइएको बताए । उनले प्रमको कार्यक्रम केन्द्रबाट तय भएको र सो तालिकामा गापाध्यक्षले राखेको सडक उद्घाटन कार्यक्रम समय अभावले हुन नसक्दा उनले खल्लो मानेको हुन सक्ने बताए ।

## गापाले ६० लाखभन्दा बढीको मूअकर तिरेन

बलिराम शुक्ला, बडनिहार, १५ पुस/

पर्सा जिल्लाको पटेर्वासुगौली गाउँपालिकामा गत आव २०८०/८१ मा विभिन्न कार्य गरेका फर्महरूको करीब रु ६० लाख बढी मूल्य अभिवृद्धि कर गाउँपालिकाले कट्टा गरेको तर आन्तरिक राजस्व कार्यालयमा दाखिला नगरेको व्यापारिक फर्महरूले गुनासो गरेका छन् ।

गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देवनाथ साह र तत्कालीन लेखापाल सोनुकुमार सोनी सरुवा भएपछि मूअकर दाखिला नभएको जनाइएको छ ।

प्रप्रअ साहको पटेर्वासुगौलीबाट पकाहामैनपुर गाउँपालिकामा सरुवा भएको र लेखापाल सोनुकुमार सोनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मुद्दामा आरोपित हुँदा निलम्बनमा परेपछि मूअकर दाखिला हुन नसकेको पालिका कार्यालयले जनाएको छ ।

मूअकर दाखिला नगर्दा करीब २५ भन्दा बढी फर्मले करचुक्ता प्रमाणपत्र पाउन सकेका छैनन् ।

हाल बहालमा रहेका लेखाप्रमुख धनञ्जय दाससँग सोध्दा तत्कालीन प्रप्रअ साह र निलम्बित लेखापाल सोनीले कुन कुन फर्मको के कति मूअकर काटेको र सो कर रकम किन दाखिला नगरेको सन्दर्भमा आवश्यक कागजातहरू प्रमाणित गरेर नदिएका कारण कर रकम दाखिला हुन नसकेको प्रतिक्रिया दिएका छन् ।

गाउँपालिका स्रोतका अनुसार मूअकर रकम गत आवमा नतिरेपछि त्यस शीर्षक अन्तर्गतका बजेट फ्रीज भएको छ । हाल गाउँपालिकाले मूअकर काट्ने बित्तिकै दाखिला गर्नुपर्ने प्रावधान छ । आन्तरिक राजस्व कार्यालय, वीरगंजले मूअकर असुली गर्न ताकेता गरे पनि गापाले चासो नदिएको स्रोतले जनाएको छ ।

गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहतासँग यस विषयमा बुझ्दा उक्त राजस्व रकम गाउँपालिकाले छुट्याएर मात्रै तिर्ने र सोको लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको बताएका छन् । गाउँपालिकाले भुक्तानी गर्दा मूअकर रकमको ३० प्रतिशत कट्टा गरी आन्तरिक राजस्व कार्यालयमा जम्मा गर्नुपर्ने प्रावधान रहेको छ ।

## नेरेसो पोखरिया उपशाखाको स्थापना दिवस

प्रस, पोखरिया, १५ पुस/

नेपाल रेडक्रस सोसाइटी पोखरिया




उपशाखाले ३५औं स्थापना दिवस मनाएको छ ।

जिल्ला उच्चाङ्गल रामदेव कलवार मावि पोखरियामा आयोजित कार्यक्रमको उद्घाटन नगरप्रमुख प्रद्युम्न चौहानले गरेका थिए । उनले रेडक्रसले विशुद्धरूपमा मानवसेवामा काम गर्दै आएको बताए । उनले विपद्को बेलामा रेडक्रसको विशेष सहयोग रहँदै आएको बताए । उनले संस्थाको भवन स्थापनाको लागि नगर विकास समितिको जग्गा सहयोग गर्ने आश्वासन दिए ।

उनले जग्गाप्राप्तिका लागि उपशाखालाई नगरपालिकामा आवेदन दिन सुझाए । फरक प्रसङ्गमा नगरप्रमुख चौहानले माघ महीनाको पहिलो हप्ताभित्र पोखरिया नगर विकास समितिका जग्गाधनीलाई लालपुर्जा वितरण गरिने बताए । उनले अहिले पोखरियामा विकासको लहर चलेको र पोखरिया अस्पताल स्तरोन्नति भएर प्रादेशिक अस्पताल भएको र लगत्तै मालपोत तथा नापीका सेवाकेन्द्र पनि स्थापना हुन गइरहेको भन्दै प्रधानमन्त्रीले आइतवार जिल्ला प्रशासन कार्यालयको पनि सेवाकेन्द्र पोखरियामा स्थापना हुने घोषणा गरेकाले पोखरियावासीमा उत्साह छाएको बताए ।

नेरेसो पोखरिया उपशाखाका सचिव हिमाञ्चल प्रसादले साङ्गठनिक र कोषाध्यक्ष विनोद गिरीले आर्थिक प्रतिवेदन पेश गरेका थिए । उनले गत आवमा रु २३ लाख १६ हजारको तथा चालू आवमा २३ लाख ३५ हजार बराबरको आर्थिक कारोबार हुने बताए । उपशाखा सभापति भगवानप्रसाद कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख रूबी ठाकुर, वडाध्यक्ष लक्ष्मण साह कानू, उपशाखाका संस्थापक सभापति मुन्शी महतो, नेरेसो पर्साका भगवती चौधरी, महन्त यादव, गोवर्द्धन यादवलगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा स्वागत तथा सञ्चालन सचिव गिरीले गरेका थिए ।

## दुर्व्यवहारमा संलग्न छजना युवक पक्राउ

प्रस, वीरगंज, १५ पुस/

तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौंको चिकित्सक टोलीमाथि पर्सागढी नगरपालिका-३ झबराहास्थित इन्दु रिसोर्टमा शनिवार राति भएको दुर्व्यवहारमा संलग्न छजनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

पर्सागढीमा सञ्चालित आँखा शिविरका लागि तिलगङ्गा आँखा अस्पतालको चिकित्सक टोली तीन दिनदेखि सो रिसोर्टमा बसेको थियो । शनिवारका दिन सो रिसोर्टमा वीरगंजबाट गएका युवाहरूको टोलीले चर्को स्वरमा साङ्गीतिक कार्यक्रम सञ्चालन गरेका थिए । जसले गर्दा चिकित्सकहरूलाई सुत्ने क्रममा असहज भएको थियो । उनीहरूले आवाज कम गर्न आग्रह गरेको र सोही क्रममा मदिरा सेवन गरेका युवाहरूले गालीगलौज र कुटपिट गरेका थिए ।

कुटपिटमा विदेशी चिकित्सक सिङ्गापुर निवासी ३५ वर्षीय वाङ स्टिनको खुट्टामा सामान्य चोट लागेको छ । यसैगरी, ३६ वर्षीय नवीन सापकोटाको आँखा र गालामा चोट लागेको छ ।

घटनामा संलग्न वीरगंज महानगर-१० का २४ वर्षीय अभिषेक गुप्ता, २७ वर्षीय सार्थक सर्राफ, २४ वर्षीय रोहित साह, २७ वर्षीय विजय रञ्जन, २९ वर्षीय सुमन श्रीवास्तव र २४ वर्षीय विधान कर्णलाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूलाई आइतवार पक्राउ गरिएको र अदालतबाट पाँच दिनको थुना आदेश लिएर थप कारबाई अगाडि बढाइएको पर्सा प्रहरीले जनाएको छ ।

### विचारसार र सुक्तिहरू

**त्यस्ता व्यक्तिहरूमाथि मात्र विश्वास गर जसले यी तीन चीज देख्न सक्छ–१. तिम्रो मुस्कानपछाडि लुकेको पीडा, २. रिसपछाडि लुकेको माया र ३. मौनपछाडि लुकेको कारण।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


## शुभकामना

**श्रीलङ्काका राष्ट्रपति अनुरा कुमारा दिसानायकेको पछिल्लो निर्णयले देशको अबको नीति साथै एउटा ठोस र स्पष्ट सन्देश दिएको छ। तस्करी र भ्रष्टाचार नियन्त्रणविना समृद्धिको सपना अधूरो रहन्छ भन्ने राष्ट्रपति दिसानायकेको ठम्याइ छ। यसका लागि उनले एकीकृत अनुगमन महाशाखा स्थापना गर्ने, पुराना उपकरणलाई प्रतिस्थापन गरेर आधुनिक स्क्यानर जडान गर्ने र कानूनी तथा प्रशासनिक सुधारमार्फत सीमा क्षेत्रलाई सुरक्षित बनाउने योजना अघि सारेका छन्। श्रीलङ्का सानो भएपनि उसको भौगोलिक महत्त्व निकै ठूलो छ। यो हिन्द महासागरमा रहेको व्यापारिक मार्गको केन्द्रबिन्दु हो। समुद्री बन्दरगाहहरूले श्रीलङ्काको आर्थिक सम्भावनालाई उज्यालो बनाउन सक्छ। तर तस्करी र भ्रष्टाचारले ती सम्भावनालाई साकार हुन दिएको छैन। त्यसैले सरकारले यी दुवै समस्यालाई मुख्य प्राथमिकतामा राखेको छ। श्रीलङ्काको यो प्रयास नेपालका लागि पनि एउटा दर्पण हो। यद्यपि नेपाल समुद्री मार्गसँग प्रत्यक्षरूपमा जोडिएको छैन। यसको खुला सिमाना, अव्यवस्थित सीमा सुरक्षा र कमजोर प्रशासनिक संरचनाले तस्करी र भ्रष्टाचारलाई उस्तै सरल बनाएको छ। श्रीलङ्काको खुला समुद्री किनाराजस्तै नेपालको पनि भारतसँगको खुला सिमाना र भन्सार कार्यालयहरूको व्यवस्थापनमा देखिएका कमजोरीले राजस्वमारा तस्करलाई सहज छ।**

**हाम्रो मुलुकमा इन्धनदेखि लागूऔषधसम्म र सुनदेखि दैनिक उपभोग्य वस्तुसम्मको अवैध कारोबार चलिरहन्छ। यसले केवल सरकारी राजस्व मात्र गुमाएको छैन, घरेलु उद्योगलाई समेत धराशयी बनाएको छ। त्यसमाथि भ्रष्टाचार जस्तो पुरानो रोगले राज्यको हरेक तहलाई कमजोर बनाउँदैछ। श्रीलङ्काले तस्करी र भ्रष्टाचार नियन्त्रणलाई राज्यको नीति निर्माणको प्रमुख मुद्दा बनाएको छ। यो दृष्टिकोण नेपालको लागि पनि आवश्यक छ। श्रीलङ्काले आफ्नो समस्यालाई स्पष्टरूपमा पहिचान गरेको छ र त्यसको समाधानलाई पहिलो प्राथमिकतामा राखेको छ। हाम्रो मुख्य समस्या यो हो भन्न उसले लजाएको छैन। नेपालले पनि यस्तै दृष्टिकोण अवलम्बन गर्न सक्नुपर्छ। पुराना उपकरणलाई प्रतिस्थापन गर्दै आधुनिक स्क्यानर र अनुगमन प्रणाली प्रयोग गर्ने श्रीलङ्काको योजना वैज्ञानिक र उदाहरणीय छ। नेपालका सीमानाकाहरूमा पनि प्रविधिको भरपर्दो उपयोग गर्न जरुरी छ।**

**हाम्रो मुलुकमा पनि नीति त धेरै बन्छन्, तर ती कार्यान्वयनको नाममा रद्दीको टोकरीमा धूलो खाएर बस्छन्। श्रीलङ्कालाई हाम्रो रोग चाहिं नलागोस्। कथनी र करनी एक भए मात्रै सार्थकता पाइन्छ। नेपालले तस्करी र भ्रष्टाचार नियन्त्रणका लागि सिमाना, भन्सार कार्यालय र प्रशासनिक प्रणालीलाई व्यवस्थित बनाउन आवश्यक छ। यद्यपि चुनौती धेरै छन्, राजनीतिक इच्छाशक्ति कमजोर छ, व्यवस्थापनमा पारदर्शिताको अभाव छ र कानून कार्यान्वयन कमजोर छ। तर अवसर भने प्रशस्त छन्। डिजिटल युगले निगरानी प्रणाली सुधार गर्न सहज बनाएको छ। अन्तर्राष्ट्रिय सहकार्य र साझेदारीमार्फत प्रविधि र स्रोत–साधन जुटाउन सकिन्छ। यसका लागि नागरिकले पनि राज्यलाई दबाब दिन सक्नुपर्छ किनकि यो विषय राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष सम्बन्धित छ। यस सम्बन्धमा श्रीलङ्काको प्रयास सराहनीय छ। उसलाई सफलताको लागि शुभकामना दिन सकिन्छ। श्रीलङ्काले आफ्नो समस्या पहिचान गरेझैं नेपालले पनि आफ्नो समस्या पहिचान गरी निराकरणतर्फ अघि बढ्न सकोस् शुभकामना छ।**

# विश्वव्यापीकरण र वातावरणीय समस्या

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


**यसका लागि वातावरण शिक्षा नै प्रमुख हो। यस्तो उपायले विश्वव्यापी वातावरणीय समस्याबाट बच्न सकिन्छ। यसको सही व्यवस्थापनाको लागि स्थानीय तथा प्रादेशिक सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ। चुनावी घोशणापत्रमा यसको पहिचान हुनु अवाञ्छनीय हुन जान्छ।**

एक्काइसौं शताब्दीको विश्वको प्रमुख समस्यामध्ये एक जलवायु परिवर्तन हो। जलवायु परिवर्तनको मुख्य कारण ग्लोबल वार्मिङलाई मानिन्छ। ग्लोबल वार्मिङ प्रायः वातावरणीय ह्राससँग सम्बन्धित छ भन्ने कुरालाई ध्यानमा राख्दै, विश्व अर्थतन्त्रहरूले वातावरणीय सम्झौताहरू मार्फत विशिष्ट समाधान प्रदान गर्ने प्रयास गरेका छन्, जस्तै–२०१५ संयुक्त राष्ट्र जलवायु परिवर्तन सम्मेलनमा पेरिस सम्झौता। यसैबीच, वातावरणीय ह्रास सम्बन्धी अध्ययनको सङ्ख्या व्यापकरूपले बढेको छ, विशेष गरी २०१० को शुरूदेखि। त्यसैगरी ग्लासगो जलवायु परिवर्तन सम्मेलन (अक्टोबर–नोभेम्बर २०२१) सम्पन्न भयो। जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन कोप २८, नोभेम्बर ३०–डिसेम्बर १२, २०२३ युएईको दुबईमा सम्पन्न भयो। यस सम्मेलनमा १९९ देशका प्रतिनिधिसहित ८४,००० मानिसहरूलाई एकै ठाउँमा समावेश गराई जलवायु सङ्कट सम्बोधन गर्न ठूलो मदत मिल्यो। यी सम्मेलनहरूमार्फत विभिन्न निर्णय भएका छन्, जसमा जलवायु परिवर्तनसँग लचिलोपन निर्माण, हरितगृह ग्याँस नियन्त्रण र दुवैका लागि आवश्यक वित्त प्रदान गर्न बलियो प्रयाससहित सहमत वस्तुहरूको दायरा समावेश छ। समुन्नत राष्ट्रहरूले विकसितदेखि विकासोन्मुख देशहरूलाई वार्षिक १५० अर्ब डलर उपलब्ध गराउने वाचा पुनः पुष्टि गरे। र तिनीहरू सामूहिकरूपमा विद्यमान हरित ग्याँस उत्सर्जन घटाउने योजना र उत्सर्जन घटाउन आवश्यक पर्ने कुराहरूबीच विद्यमान अन्तर कम गर्न सहमत भए, जसले गर्दा विश्वव्यापी औसत तापक्रममा भएको वृद्धिलाई १.५ डिग्रीमा सीमित गर्न सकियोस्। पहिलोपटक, राष्ट्रहरूलाई कोइला ऊर्जा र फोसिल फ्युलका लागि अनुदान बन्द गर्न आह्वान गरिएको थियो। जलवायु परिवर्तनका सम्बन्धमा हालसम्म विश्वभर विभिन्न गोष्ठी तथा सम्मेलनहरू सम्पन्न भएका छन्।

विश्वव्यापीकरण भनेको वस्तु, सेवा र मानिसहरूको संसारभरि स्वतन्त्र आवतजावतको प्रमाणीकरण हो। राष्ट्रिय अर्थतन्त्रहरूलाई आकस्मिक अन्तर्राष्ट्रिय विभाजनमा श्रम एकीकरण गर्ने प्रक्रिया हो।

यो स्पष्ट छ कि आर्थिक विकासको प्रारम्भिक चरणमा प्रतिव्यक्ति आय उच्च–मध्यम आयस्तरमा पुगेपछि वातावरणीय ह्रास शुरू हुन्छ। यो घटना हुन्छ किनभने विश्वव्यापी अर्थतन्त्रहरूले विकासका प्रारम्भिक चरणमा वातावरणीय गुणस्तरलाई समर्थन गर्नुको सट्टा व्यवसाय र रोजगारका अवसर सिर्जना गर्ने योजना बनाउँछन्। यद्यपि, पारिस्थितिक चेतना बढ्दै जाँदा आय पनि बढ्छ, यसले आर्थिक विकासको पछिल्ला चरणहरूमा वातावरणीय ह्रास कम गर्ने आधारभूत कारण पहिल्याउन थाल्दछ र नागरिक चेतनाको विकास हुन थाल्छ। यस चरणमा भूमण्डलीकरण र अन्तर्राष्ट्रिय व्यापार सूचकहरूलाई वातावरणीय ह्रासको प्रमुख निर्धारक मानिन्छ। तर सन् २००८–९ को ग्लोबल फाइनान्सियल क्राइसिसपछि अन्तर्राष्ट्रिय व्यापार र भूमण्डलीकरणको मापन एउटा नयाँ अनुसन्धान कार्य मानियो। अनुभवजन्य पत्रहरूले विभिन्न भूमण्डलीकरण सूचकहरू प्रयोग गरेका पाइएको छ, जस्तै : उदाहरणका लागि, क्यान एन्ड गोज्गोर २०१७ मा आर्थिक जटिलता, गोज्गोर् २०१८ मा निर्यात एकाग्रता, गोज्गोर र क्यान २०१६ मा निर्यात विविधीकरण गोज्गोर र क्यान २०१७ मा निर्यात गुणस्तर फाङ् २०१९, गोज्गोर् २०१७ मा व्यापार सम्भावना। यि विद्वानहरूले ठूलो अनुसन्धान र खोज गरेको स्पष्ट हुन्छ। तथापि भूमण्डलीकरणको उत्तम उपाय र विकासोन्मुख देशहरूको वातावरणीय ह्रासमा यसको प्रभावबारे अनुसन्धानकर्ताहरूबीच लगभग कुनै सहमति छैन।

मानवता र वातावरणबीचको सम्बन्ध एउटा फितलो सन्तुलन हो। औद्योगिक क्रान्तिपछि विश्वको जनसङ्ख्या ह्वात्तै बढेको छ र जनसङ्ख्या वृद्धिसँगै वातावरणमा गहिरो असर परेको छ। वन फडानी, प्रदूषण र विश्वव्यापी जलवायु परिवर्तन जनसङ्ख्या र प्राविधिक विस्तारले ल्याएका प्रतिकूल प्रभावहरूमध्ये एक हुन्। वातावरणीय असन्तुलनले विभिन्न विषयहरूमा अनुसन्धानकर्ताहरूको टाउको दुःखाइ भएको छ। सारा संसार अहिले यसको चिन्तन र मन्थनमा लागेको छ। विद्वान एम.सी मिसेलका अनुसार– "बितेका दुई शताब्दीमा विश्वभरि द्रुत गतिमा शहरहरू बढेका र विस्तार भएका छन्। शहरहरू स्रोत हुन् रचनात्मकता र प्रविधिको विकासका लागि र आर्थिक वृद्धिको इन्जिन पनि।

शहरहरूले पृथ्वीको सतहको दुई प्रतिशत मात्र ओगटेका छन्, यद्यपि विश्वको आधाभन्दा बढी जनसङ्ख्या शहरमा नै बसेको छ। युरोपमा शहरी बासिन्दाको अनुपात अझ बढी छ। आज लगभग ७५ प्रतिशत युरोपेली शहरमा बस्छ। र २०२५ सम्म यो ८३ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ। विश्वव्यापीकरण र नयाँ शहरी निकटतामा प्रतिफल बढाएर प्रविधिहरूले मानिसहरूलाई ठूला शहरतर्फ आकर्षित गर्छन् (ग्लेसर, २००९)। वातावरणमा शहरीकरणको दबाबले प्रमुख पर्यावरणीय समस्या निम्त्याउँछ। नेपालकै ठूला शहरहरूमा ६५ प्रतिशत जनता शहरमा बस्न थालेको छ। मावोवादी द्वन्द्व र ६२–६३ को दोस्रो जनान्दोलनपछि यो सङ्ख्या तीव्ररूपमा बढेको पाइन्छ।

भूमण्डलीकरणले शहरी विकासका लागि रणनीति तयार गर्न नयाँ चुनौती उत्पन्न गर्दछ, किनभने विश्वव्यापीकरणले शहरी वातावरणीय प्रदूषण र प्राकृतिक स्रोतको ह्रास बढाउने खतरा हुन्छ। शहरी वातावरणीय समस्या मानिसहरूको वर्तमान वा भविष्यको कल्याणका लागि खतरा हो, जसको परिणामस्वरूप मानव सिर्जित भौतिक क्षति हुन्छ।

यसले तल उल्लेखित बातावरणीय असन्तुलन निम्त्याउँछ–

स्थानीयकृत वातावरणीय स्वास्थ्य समस्याहरू, जस्तै–अपर्याप्त पिउने पानी र सरसफाइ सुविधा, भित्री हावा प्रदूषण र अत्यधिक भीड,

शहरी क्षेत्रीय वातावरणीय समस्याहरू, जस्तै–परिवेश वायु प्रदूषण, अपर्याप्त फोहोर व्यवस्थापन,

३. जलस्रोतको प्रदूषण र हरियाली क्षेत्रको क्षति।

४. पारिस्थितिक अवरोध र स्रोतको कमी र उत्सर्जनजस्ता शहरी गतिविधिहरूको अतिरिक्त शहरी प्रभावहरू–रसायन र हरित गृह ग्याँसहरू,

५. क्षेत्रीय वा विश्वव्यापी वातावरणीय बोझको शहरी प्रभाव।

उत्पादन र सञ्चयको विश्वव्यापी मोडहरू वातावरणीय ह्राससँग घनिष्टरूपमा जोडिएका छन्। जस्तै, निकासी प्राकृतिक स्रोत र वस्तु उत्पादन मार्फत प्रदूषणको बहुरूप (जोर्गेनशन र किक, २००३)। शहरी जनसङ्ख्याले आफ्नो वातावरणसँग अन्तर्क्रिया गर्छ। शहरी मानिसहरूले तिनीहरूको माध्यमबाट आफ्नो वातावरण परिवर्तन गर्छन् – खाना, ऊर्जा, पानी र जमीनको खपत र प्रदूषित शहरी वातावरणले स्वास्थ्यमा र शहरी जनसङ्ख्याको जीवनको गुणस्तरमा असर गर्छ (टोरी, २००४)। शहरीकरणको विस्तार विश्वव्यापीकरणको कारण हो, किनभने विश्वव्यापीकरणले विश्वव्यापी बजार प्रणालीको उच्च मागको लागि उद्योगीकरणलाई बढावा दिन्छ। परिणामस्वरूप स्वास्थ्य समस्याहरू, जस्तै– अपर्याप्त पिउने पानी र सरसफाइ सुविधा, भित्री वायु प्रदूषण र अत्यधिक भीड जुन मानिसहरूको वर्तमान वा भविष्यको कल्याणको लागि खतराका सूचक हुन्।

शहरी क्षेत्रीय वातावरणीय समस्याहरू, जस्तै–परिवेश वायु प्रदूषण, अपर्याप्त फोहोर व्यवस्थापन, जलस्रोतको प्रदूषण र हरियाली क्षेत्रको क्षति। शहरी गतिविधिका अतिरिक्त शहरी प्रभाव, जस्तै–पारिस्थितिक अवरोध र स्रोतको कमी र रसायन र हरित गृह ग्याँसहरूको उत्सर्जन। यसले शहरका सबै जीवित प्राणीलाई असर गर्दछ। त्यसैले राम्रो शहरी अभ्यास र सुशासनले वातावरणीय समस्या कम गर्न मदत गर्न सक्छ। तथापि सबै उपायका बावजूद यी समस्याहरू निरन्तर बढिरहेका छन्। साथै वातावरण विश्वव्यापीरूपमा झन्झन् बिग्रँदै गइरहेको छ। कडा कानूनको कार्यान्वयन गरेर एक हदसम्म यसलाई निरुत्साहित भने गर्न सकिन्छ। यसका साथै जनताको वातावरणीय चेतनामा आमूल परिवर्तन हुनु जरुरी छ। यसका लागि पर्यावरणीय शिक्षाको अपरिहार्यता व्यापक बनाउनु जरुरी छ।

निष्कर्षः

विगत १०,००० वर्षमा मानिस बढ्दो रूपमा शक्तिशाली वातावरणीय शक्ति बनेको छ।

८,००० वर्ष पहिले कृषिको आगमन सँगै मानिसले भूमि परिवर्तन गर्न थाले। र औद्योगिक क्रान्तिको आगमनसँगै वातावरण दोहन गर्न थाले जसको परिणाम अहिले सारा विश्वले भोगिरहेको छ।

यस अवस्थाले विश्वव्यापीकरण ल्याएको छ। यसका साथै वातावरणमा विश्वव्यापीकरणको दबाब बढेको छ। विश्वव्यापीकरणले आर्थिक वृद्धि त गर्छ तर वातावरणलाई धेरै किसिमले असर पार्छ। यसले संरचनात्मक परिवर्तनलाई गति दिन्छ, जसले गर्दा औद्योगिक परिवर्तन हुन्छ। विश्वव्यापीकरणका सबै आयामहरू प्रतिकूल छन् किनकि यसले पैसाको लागि प्राकृतिक सम्पत्तिको दोहन गर्दै वातावरणमा नराम्ररी असर पार्छ। बालीनालीको लागि चाहिने करीब २ अर्ब हेक्टर जमीन र वन क्षेत्र विगत पचास वर्षमा नष्ट भएको छ। मरुभूमीकरणले गर्दा संसारमा आर्थिक अस्थिरता र राजनीतिक अस्थिरता पनि निम्त्याइरहेको छ। प्रकृतिलाई मानिसको अस्तित्व चाहिंदैन। तर मानिस प्रकृतिसँग मेलमिलाप गरेर मात्र बाँच्न सक्छ। यसका लागि वातावरण शिक्षा नै प्रमुख हो। यस्तो उपायले विश्वव्यापी वातावरणीय समस्याबाट बच्न सकिन्छ। यसको सही व्यवस्थापनाको लागि स्थानीय तथा प्रादेशिक सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ। चुनावी घोशणापत्रमा यसको पहिचान हुनु अवाञ्छनीय हुन जान्छ।

यस बिन्दुमा मिडियाको शक्तिलाई कम आकलन गर्नुहुँदैन। वातावरणीय समस्याबारे प्रचार गर्न मिडियाको महत्त्वपूर्ण भूमिका हुन्छ। स्थानीय वातावरणीय समस्याहरू स्थानीय टेलिभिजनद्वारा सम्बोधन गर्न सकिन्छ। यसरी वातावरणीय समस्याप्रति मानिसको ध्यान आकर्षित गर्न सकिन्छ।

# दूधमती नदीको संरक्षण र सौन्दर्यकरणका लागि सीमाङ्कन सुरू

महेन्द्रनगर (धनुषा), १५ पुस/रासस

धनुषा र महोत्तरी जिल्ला जोड्ने दूधमती नदीको संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले सीमाङ्कनको काम शुरू गरिएको छ।

सोमवारदेखि विधिवत्‌रूपमा कार्यक्रम आयोजना गरी दूधमती नदीको उद्‌गमस्थल क्षीरेश्वरनाथ नगरपालिका–५ मा रहेको अरजनवा गाउँबाट सीमाङ्कनको काम शुरू गरिएको हो।

नेपाली काङ्ग्रेसका सहमहामन्त्री महेन्द्र यादव, मधेस प्रदेशका ऊर्जा, सिंचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, मन्त्रालयका सचिव जक्की अहमद अन्सारी, क्षीरेश्वरनाथ नगरपालिकाका प्रमुख सुखदेव यादव, लक्ष्मीनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र झालगायत जनप्रतिनिधिहरूले संयुक्तरूपमा नेपालको झन्डोत्तोलन गरेर सीमाङ्कनको शुभारम्भ गरे।

धनुषा महोत्तरी क्षेत्रमा कुल २९ किलोमिटरको दूरीमा रहेको दूधमती नदीको सीमाङ्कनको प्रारम्भिक चरणमा नक्शा अनुसार नापजाँच गरेर क्षेत्रफल निकाल्ने र पिलर गाड्नेसहित जग्गा छुट्याउने गरी पैनी खन्ने काम आजैदेखि शुरू गरिएको छ।

दूधमती नदी संरक्षण तथा संवर्द्धन उच्चस्तरीय उपसमितिद्वारा सञ्चालित दूधमती नदी उक्सा तथा विकास परियोजना अन्तर्गत अतिक्रमणमा परेका नदीको जग्गा अतिक्रमण मुक्त र पुरिसकेको नदी क्षेत्रको उत्खनन गरी नदीको सौन्दर्यीकरण गरिनेछ।

सो अवसरमा काङ्ग्रेस सहमहामन्त्री यादवले दूधमती नदी पर्यटकीय क्षेत्रमा रूपमा विकास भए क्षीरेश्वर नगरपालिका मात्र नभई धनुषादेखि महोत्तरीसम्मका जनताका लागि आर्थिक विकासको ठूलो अवसर रहेको बताए। उनले दूधमती नदीको उकास र विकास भए धनुषा महोत्तरी मात्र नभई नेपाल भारतसमेतका अन्य क्षेत्रका लागि यो एउटा ठूलो पर्यटकीय गणतव्यका रूपमा स्थापित हुनेसमेत बताए।

उच्चस्तरीय समितिका अध्यक्षसमेत रहेका मन्त्री शेषनारायण यादवले प्रदेश सरकारको अहिलसम्मकै प्रदेश सरकारको ठूलो गौरवको आयोजना रहेको यो दूधमती नदीलाई करिडोरका रूपमा स्थापना गरिने भएकाले यसमा स्थानीय जनताको आवश्यकता रहेकाले सहयोग गर्न आग्रह गरे।

परियोजनाबारे जानकारी गराउँदै मन्त्री यादवका अनुसार करीब पाँच अर्बको बहुवर्षीय परियोजना अन्तर्गत रहेको यस योजना अन्तर्गत दूधमतीको बहाव क्षेत्रबाहेक दुवैतर्फ ११/११ मिटर कालोपत्र सडक, उद्‌गमस्थलमा मन्दिर तथा पार्कसहित पोखरीको सौन्दर्यीकरण, नदी बहाउ क्षेत्रमा पर्ने प्रत्येक गाउँ/गाउँ नजीक दूधमती र सीता माताको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# १६० किलो गाँजासहित दुईजना पक्राउ

प्रस, वीरगंज, १५ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले आइतवार १६० किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको जनाएको छ। वीरगंज–१८ भवानीपुर सीताराम चोकस्थित प्लास्टिक कारखानाअगाडि सडकखण्डमा प्रहरी चौकी परवानीपुरले ड्राइपोर्ट आउँदै गरेको ना.३ख ४२१२ नम्बरको ट्रक चेकजाँच गर्ने क्रममा १६० किलो गाँजा बरामद भएको जिप्रका, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी गराएका छन्। ट्रकमाथि हुटमा फल्स बनाइ रातो प्लास्टिकमा बेरी लुकाइछिपाइ राखिएको १० किलोका १६ वटा पोकामा १६० किलो लागूऔषध गाँजा बरामद भएको प्रवक्ता लम्सालले बताए। प्रहरीले ट्रकचालक एवं धनी जिल्ला मकवानपुर हेटौंडा उमनपा–७ कमाने बस्ने ४४ वर्षीय कृष्ण घलान र चितवन जिल्ला झुरझुरे राप्ती नपा–३ बस्ने २० वर्षीय रोनाल विश्वकर्मालाई पक्राउ गरेको प्रवक्ता लम्सालले बताए।



पक्राउ परेका दुवैजना व्यक्ति, लागूऔषध गाँजा र ट्रकलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता लम्सालले जनाएका छन्।

# सरकारी सेवा सहजीकरणका लागि अन्तर्क्रिया

प्रस, वीरगंज, १५ पुस/




जिल्ला प्रशासन कार्यालय, पर्साको सहकार्यमा जीराभवानी गाउँपालिकाले सोमवार जिल्लामा रहेका सरकारी कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई अझ बढी प्रभावकारी बनाउने विषयमा गाउँलेहरूसँग छलफल, अन्तर्क्रिया गरेको छ।

पर्सा जिल्लामा रहेका तर वीरगंज महानगरपालिका केन्द्रित सरकारी कार्यालयहरू जिल्ला प्रशासन, प्रहरी, भूमिसुधार तथा मालपोत, नापी, नारायणी अस्पताल, कृषि ज्ञान केन्द्रलगायतबाट प्रदान हुँदै आएका सेवाहरूलाई अझ बढी प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने विषयमा जीराभवानी, पटेर्वासुगौलीका गापाध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृतसँग राय–सल्लाह, सुझाव लिइएको थियो।

प्रजिअ गणेश अर्यालले सरकारी कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई कसरी अझ बढी प्रभावकारी बनाउने र आम नागरिकले ती सेवाहरू छिटोछरितो प्राप्त गर्न सकून् भन्ने उद्देश्यले अन्तर्क्रिया आयोजना गरिएको बताए। उनले गापास्तरमा सेवाबारेमा सुधारका कुराहरू आउन सक्ने भएर गापामा कार्यक्रम गरिएको बताए। सहभागी जनप्रतिनिधिहरूले सरकारी सेवा पाउने क्रममा गापावासीले भोग्दै आएका समस्याहरू र त्यसको निराकरणका लागि सुझाव दिएका थिए।

# पोल्ट्रीजन्य उत्पादन घट्यो, किसान मर्कामा

चितवन, १५ पुस/रासस

नेपालमा आत्मनिर्भर रहेको पोल्ट्रीजन्य उत्पादनमा उल्लेख्यरूपमा गिरावट आएपछि किसान र व्यवसायी पेशाबाट विस्थापित हुने अवस्था आएको सरोकारवालाले दाबी गरेका छन्।

नेपाल कुखुरा व्यवसायी मञ्चले सोमवार आयोजना गरेको अन्तर्क्रियामा वक्ताहरूले व्यवसाय निकै सङ्कटको अवस्थामा पुगेको गुनासो गरे। मञ्चका अध्यक्ष रघुनाथ भट्टले कोरोना महामारी अघिसम्म हरेक साता ५० लाख बोइलर चल्ला उत्पादन हुने गरेकामा हाल ३० लाख हाराहारीमा झरेको बताए।

यसैगरी, लेयर्स चल्ला साताको तीन लाखबाट एक लाखमा झरेको, कलर बोइलर (गिरिराज) सातामा पाँच लाख उत्पादन हुने गरेकामा दुई लाखमा झरेको, दैनिक ६० लाख गोटा अन्डा उत्पादन २४ लाखमा सीमित भएको तथ्याङ्क प्रस्तुत गरे। चल्लाको उत्पादन घटेसँगै दानाको खपत घटेको उनको भनाइ छ। उनका अनुसार दैनिक १२ हजार मेट्रिक टन दाना उत्पादन हुँदै आएको हाल तीन हजार पाँच सय टनमा झरेको छ।

मासु दैनिक १० लाख किलोबाट छ लाखमा झरेको भट्टले जानकारी दिए। उनले भने, "आधाभन्दा बढी उत्पादन घटेपछि सोही अनुपातमा किसान विस्थापित हुन पुगेका छन्।"

नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेलले लामो समयपछि अन्डाको लागत मूल्य पाउन थालेको बताए। लेयर्स कुखुरा पाल्ने ७५ प्रतिशत किसान विस्थापित भएको उल्लेख गर्दै उनले भने, "साना किसान धेरै विस्थापित भएका छन्, ठूलाले केही धानेका छन्।" बैंकको ऋण बढाएर र पैतृक सम्पत्ति बिक्री गरेर ठूला फर्महरूले जोखिम मोल्दै उत्पादन गरिरहेको उनको भनाइ छ।

ठूला फर्मकै कारण किसान ७५ प्रतिशत विस्थापित हुँदा उत्पादन आधा भएको उनले उल्लेख गरे। उनले भने, "अहिले पनि हामी उच्च जोखिममा काम गर्न बाध्य छौं।" १० हजारदेखि चार लाखसम्म कुखुरा पाल्नेलाई ठूला किसानको रूपमा लिने गरिएको छ।

ह्याचरी उद्योग सङ्घका वरिष्ठ उपाध्यक्ष राजेन्द्र लामिछानेले एउटा बोइलर चल्ला उत्पादन गर्न रु ७० खर्च हुने भएपनि अहिले रु ३० मा बिक्री गर्नुपर्ने बाध्यता रहेको बताए। यस्तै, रु १४० मा तयार हुने लेयर्स चल्ला रु ७० हाराहारीमा बिक्री गर्नुपर्दा धेरै विस्थापित हुनुपरेको बताए। ३८० वटा बोइलर ह्याचरी रहेकामा अहिले ७० वटा कम क्षमतामा चलेको र अरू बन्द भएको उनले बताए।

यस्तै, १५ वटा लेयर्स ह्याचरीमध्ये पाँचवटा मात्रै सञ्चालनमा आएको लामिछानेले जानकारी दिए। उनले भने, "जग्गा लिलाम हुने अवस्थामा छ, राज्यले हेरेन।" सहुलियत कृषि ऋण हटेको भन्दै उनले चल्ला उत्पादन गर्ने माउ झिकाउनका लागि आर्थिक अभाव हुँदा ह्याचरीहरू बन्द हुने अवस्थामा पुगेको उनले बताए।

चल्ला बिक्री गर्नेलाई मात्रै होइन, बोइलर पाल्ने धेरै विस्थापित भएको उनले बताए। बोइलर कुखुरा जिउँदो प्रतिकिलो रु २५० लागत मूल्य पर्ने भएपनि अहिले किसानले रु १८० मा बिक्री गर्नुपर्दा निरन्तरको घाटाले धेरै विस्थापित भएको उनको दाबी छ।

मञ्चका वरिष्ठ उपाध्यक्ष डा रेवन्तकुमार भट्टराईले जनचेतनाको अभावमा अन्डा र मासुको खपत कम भएको बताउँछन्। उनले भने, "एशियाली मुलुकमा एकजनाले वार्षिक १०८ वटा अन्डा र ४९ किलो मासु खपत गर्नुपर्नेमा नेपालमा ६२ वटा अन्डा र आठ किलो मासु मात्रै खपत छ।"

पाँच वर्षसम्मको बालबालिकालाई कुपोषणबाट बचाउन अन्डा र मासुको उपभोग गर्नुपर्ने भन्दै उनले यसो हुन नसकेको बताए। उनले भने, "नेपालमा प्रोटिनको उपभोग निकै कम छ।"

मञ्चका महासचिव ज्ञानबहादुर विसुरालले लागत मूल्य बढेको र उत्पादनले सो अनुसार मूल्य नपाउँदा आत्मनिर्भर यो व्यवसाय सङ्कटमा परेको बताए। उनले भने, "यही अवस्था रहेमा केही वर्षमा पोल्ट्री व्यवसाय समाप्त हुन्छ।"

यसैबीच, १२औं राष्ट्रिय पोल्ट्री दिवस यस वर्ष चितवनमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइने भएको छ। त्यस अवसरमा पोल्ट्रीसम्बन्धी नीति नियम, पोल्ट्रीको वर्तमान अवस्थाबारे छलफल पनि हुनेछ। अन्डा र मासुमा पाइने पौष्टिक तत्त्वबारेमा चिकित्सकहरूबाट विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ। पुस १७ गतेलाई राष्ट्रिय पोल्ट्री दिवसका रूपमा मनाइँदै आएको छ।



**सर्प स्तम्भ लिएर जातीय भेषभूषामा नृत्य प्रस्तुत गरिंदैः** तमु ल्होसारका अवसरमा काठमाडौंमा गुरुङ राष्ट्रिय परिषद् केन्द्रीय कार्यसमितिले आयोजना गरेको पदयात्रा र्‍यालीमा सर्प स्तम्भ लिएर परम्परागत जातीय भेषभूषामा विभिन्न नृत्य प्रस्तुत गर्दै गुरुङ समुदायका नागरिक। यस वर्ष सर्प वर्ष परेको छ। हरेक वर्षको पुस १५ गतेलाई गुरुङ समुदायले तमु ल्होसारसँगै नयाँ वर्षका रूपमा मनाउने प्रचलन रहेको छ । तस्बिरः हरिराम भेटुवाल/रासस

# अटो रिक्शाको सङ्ख्या वृद्धि हुन थालेपछि ट्राफिक समस्या

सिराहा, १५ पुस/रासस

व्यावसायिकरूपमा सञ्चालित अटो रिक्शाको सङ्ख्या वृद्धि हुन थालेसँगै सिराहाको मुख्य बजार लहानमा ट्राफिक व्यवस्थापनमा चुनौती देखिएको छ। साँघुरो सडक र जथाभावी अव्यवस्थित ढङ्गले अटो रिक्शा चलाउँदा सवारी दुर्घटनाको जोखिम पनि बढेको छ।

भित्री सडकमा चलाउनुपर्ने भएपनि अटो रिक्शा बजार क्षेत्रमा केन्द्रित हुँदा ट्राफिक व्यवस्थापनमा समस्या भइरहेको जिल्ला ट्राफिक कार्यालय, सिराहाका प्रमुख एवं प्रहरी निरीक्षक पोषणराज थपलिया बताउँछन्। उनले भने, "अटो चलाउने अधिकांश चालकमा ट्राफिक नियमप्रति सचेतनाको कमी भएकाले ट्राफिक व्यवस्थापनमा समस्या भएको छ। भित्री सडकमा चलाउनुपर्ने भएपनि अटो रिक्शा बजार क्षेत्रमा र मुख्यतः पूर्व–पश्चिम राजमार्गमैं केन्द्रित भइदिंदा समस्या भयो।"

प्रमुख थपलियाले अटो रिक्शालाई नियमन गर्नको लागि कार्यविधि नभएकाले यसमा स्थानीय तह र यातायात कार्यालयले ध्यान दिनुपर्ने बताए। अव्यवस्थितरूपमा सञ्चानल गरिएका अटो रिक्शालाई कानूनी दायरामा ल्याइ नियमन गर्नुपर्ने सिराहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालको भनाइ छ।

"सिराहाको सदरमुकाम लहान, गोलबजार, मिर्चैयालगायतका बजार क्षेत्रमा वास्तविक क्षमताभन्दा बढी सङ्ख्यामा अटो रिक्शा सञ्चालित छन्। दुर्घटनाको स्थिति हेर्दा कहालीलाग्दो छ," प्रजिअ दाहालले भने, "अटो रिक्शाको नियमन र बढ्दो सवारी दुर्घटना न्यूनीकरणको लागि सरोकारवाला नजुट्ने हो भने स्थिति भयावह हुन सक्छ।"



तस्वीरः रासस

पछिल्लो समय सिराहामा अटो रिक्शा ठूलो सङ्ख्यामा भित्रिरहेका छन्। ट्रेड युनियन महासङ्घ सिराहाका अध्यक्ष सञ्जीव उप्रेतीका अनुसार सिराहाको लहानमा मात्रै करीब तीन हजारको सङ्ख्यामा अटो रिक्शा सञ्चालित छन्। जुन सडकको क्षमताभन्दा तीन दोब्बरले बढी हो। सम्बन्धित पक्षले चासो नदेखाउँदा अस्तव्यस्तरूपमा जथाभावी चल्ने अटोका कारण दुर्घटनाको जोखिम बढ्दै गएको उप्रेतीको भनाइ छ।

चाहिनेभन्दा बढी भएपछि रिक्शाले बजार नै ढाकेका कारण ट्राफिक व्यवस्थापनमा चुनौती देखिएको इलाका प्रहरी कार्यालय, लहानका प्रमुख एवं प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोती बताउँछन्, "सरकारी नीति र प्रस्ट निर्देशिका बन्न नसक्दा यो सवारीसाधन सबैको टाउको दुखाइ बनेको छ।" उनले भने, "बजारमा रिक्शाले आतङ्क सिर्जना गरेको छ। नियमन गर्नको लागि स्पष्ट नीति र नियम छैन। रिक्शा चालकलाई लाइसेन्सको व्यवस्था पनि छैन। यसले गर्दा दुर्घटना भएपछि कर्तव्य ज्यान मुद्दा आकर्षित हुन्छ।" उनले यातायात कार्यालयले निश्चित मापदण्ड बनाएर रिक्शा चालकलाई लाइसेन्सको व्यवस्था गर्नुपर्नेमा जोड दिए।

विनादर्ता र अव्यवस्थितरूपमा लहान क्षेत्रमा सञ्चालन हुँदै आएका अटो रिक्शा तथा ई–रिक्शालाई व्यवस्थापन र नियमन गर्न नगरपालिकाले कार्यविधि तयार पारी लागू गर्ने प्रक्रियामा रहेको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए। उनले रिक्शा सवारी कार्यविधि बनेसँगै यातायात व्यवस्थापनमा सहजता हुने विश्वास व्यक्त गरे।

# क्यान्सरविरुद्धको थप पाँच लाख खोप ल्याइयो

काठमाडौं, १५ पुस/रासस

किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप ल्याइएको छ। स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा पवनजङ्ग रायमाझीका अनुसार आइतवार चार लाख ९६ हजार २८० मात्रा खोप ल्याइएको छ।

सरकारले यसभन्दा अघि दुईपटक एचभिपी खोप ल्याइसकेको छ। उक्त खोप टेकुस्थित भण्डारण कक्षमा राखिएको छ। यस अघि ल्याइएका खोपलाई प्रदेश कार्यालयमा पठाइएको र यो खोप पनि प्रदेश कार्यालयमा पठाइने निर्देशक रायमाझीले जानकारी दिए।

'एचपिभी' खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा चीनबाट नेपाल ल्याइएको हो। सरकारले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्दैछ।

१५ दिनसम्म चल्ने अभियान अन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरी खोप लगाइने बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए। उनका अनुसार १७ लाख ७० हजार मात्रा गाभीले नेपाललाई उपलब्ध गराउनेछ।

नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चारजना महिलाको मृत्यु हुने गरेको छ। पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमन पापिलोमा भाइरस सङ्क्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ।

# नयाँ शक्तिको अपरिहार्यता

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव

**अब बन्ने नयाँ शक्ति कुनै पनि दलबाट फाइदा नलिएका निष्पक्षहरूबाट नै बन्नुपर्छ । पार्टी फोडेर आउनेहरूको हबिगत देखिसकिएको छ । प्रधानमन्त्रीसम्म बनेका नेताले पार्टी फोडेर नयाँ दल खोलेको इतिहास छ । यसर्थ अहिलेको विकृति हटाउन तथा विकास गर्न नयाँ शक्ति अपरिहार्य छ ।**

मुलुकको इतिहास हेर्दा गोपालवंशी र महिषपालवंशीबारे खासै उल्लेख भएको पाइँदैन। जसले विभेदको आभास दिन्छ। इतिहासले किराँतकाल, लिच्छवीकाल, शाहकाल, मल्लकाल, आधुनिककाल, राणाकाल तथा प्रजातान्त्रिककालको शासन व्यवस्थाको चर्चा गरेकामा राणा शासनकालसम्म नागरिकबीच राज्यले चरम विभेद गरेको देखिन्छ। १९१० को मुलुकी ऐनले कानूनीरूपले जातीय विभेद सिर्जना गऱ्यो, जसको मार अद्यापि जनता भोग्न बाध्य छ । राजतन्त्रले नातावाद, कृपावादलाई मलजल गऱ्यो, जसको असरबाट अहिले पनि नेपाली समाज मुक्त हुन सकेको छैन । यस्ता सामाजिक विभेदले मलजल पाउनुको पछाडि शासनको बागडोर सम्हाल्ने नेतृत्वको भूमिकामा नै भर पर्छ। मुलुकको विकास, अमन–चयन, साधन–स्रोतभन्दा नेतृत्वको क्षमतामा भर पर्छ । दृष्टान्तको रूपमा छिमेकी भारतको एउटा प्रान्त बिहार जो लामो समयसम्म विकासलगायतमा अत्यधिक पछाडि थियो, बितेको दशकपछि नेतृत्व परिवर्तनसँगै भारतका अन्य प्रान्तको तुलनामा पछाडि छैन ।

नेपाल साधन–स्रोतमा पछाडि छैन । कृषिप्रधान देश हुनुका साथै विश्वकै अग्लो हिमशिखर नेपालमा छ । वन–जङ्गल, जडीबुटी मात्र होइन, जलस्रोतको मामिलामा विश्वमैं दोस्रो स्थानमा छ । खाद्यान्न, पानी, विद्युत्, जडीबुटी, गौतम बुद्धको जन्मस्थल र सगरमाथाजस्तो पर्यटकीय गन्तव्य आयआर्जनका स्रोत छन्। सबैभन्दा महत्त्वपूर्ण अवसर विश्वकै शक्तिशाली राष्ट्र चीन र भारत छिमेकी मात्र नभएर, मित्रराष्ट्र हुन् । यतिका अवसर तथा साधन–स्रोतले भरिपूर्ण मुलुक अहिले पनि अविकसित एवं पिछडा मुलुक हुनु नेतृत्वको अक्षमता र अदूरदर्शिता नै हो। यसको मुख्य कारण नेतृत्वको देश र जनताको हितभन्दा सत्तामा टिकिरहने प्रवृत्ति हो । बाह्य सहयोग लिएर विकासमा केन्द्रित हुनुभन्दा तिनको सहयोग सत्तास्वार्थमा प्रयोग गर्ने मनोविज्ञान जिम्मेवार हो । होइन भने एउटा तेलखानी मात्र भएका देशहरू आज विश्वमा हरेक दृष्टिले सम्पन्न भएका छन् । नेपालमा भने समस्त सुविधाका बावजूद विकास नहुनुमा नेतृत्वकै कमजोरी देखिएकोले देशमा नयाँ शक्तिको आवश्यकता देखिएको छ ।

२००७ सालपछि पटकपटक संविधान बन्यो। सात प्रक्रियाबाट सातवटा संविधान बन्यो । अहिलेको संविधान त सबैभन्दा बढी प्रजातान्त्रिक तरीकाबाट दुईपटकको संविधानसभाबाट बन्यो तर पनि विभेद अन्त भएको छैन, विकास पनि जहाँको त्यहीं छ । संविधान मात्रले केही हुँदैन, सही नेतृत्व मूल कुरा हो । तसर्थ नयाँ शक्तिको खोजी वर्तमान संविधान अन्तर्गत गर्नुपर्छ । यत्रो आन्दोलनपश्चात् बनेको संविधानले दशकौं पूरा गर्दा राजधानीमैं जातीय विभेद देखिनु, एउटा वर्गलाई अपहेलित गर्दै भौतिक आक्रमण गर्नु, निर्दोष घाइते हुँदा 'जिम्मेवार को' भनी सञ्चारको प्रश्नमा प्रशासन निरुत्तर हुनु संविधान एवं व्यवस्थाको दोष होइन । नेतृत्वको मनोविज्ञानमा रहेको विभेदको परिणाम हो। जसबाट समृद्धिको अपेक्षा राख्नु उचित होइन। न्याय दिने ठाउँमा दलीय वर्चस्व स्थापित हुनु, गृहमन्त्री भएको व्यक्ति आफू हिरासतमा हुँदा अनुसन्धान निष्पक्ष छैन भनी आरोप लगाउनुले सामान्य जनताको साथ कस्तो व्यवहार हुँदो होला, सहज अनुमान गर्न सकिन्छ । अनुसन्धानमा मानव अधिकारको पालना नभएको भन्दै आयोगले सम्बन्धित पदाधिकारीलाई झिकाउनु त्यसभित्रको कमजोरी देखाउँछ।

निष्पक्ष सुनवाइको सिद्धान्तले निष्पक्ष अनुसन्धानको अपेक्षा राख्छ । निष्पक्ष सुनवाइका लागि सिद्धान्त एवं अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको कानूनी व्यवस्था नरहेको होइन, तथापि निष्पक्ष अनुसन्धानको अभावको आरोप लाग्नुमा नेतृत्वकै भूमिका अर्घेलो देखिन्छ। पर्सा जिल्लाले अहिले पाँचजना मन्त्री पाएको छ, जुन जिल्लाको विकासको लागि ठूलो अवसर हो। पर्सामा विकास भएको एउटा पनि सङ्केत भेटिन्न । यसबाट जिल्लाले मन्त्री पाउनु ठूलो कुरा होइन। पाँचजना मन्त्री भएको जिल्लाको एउटा नगरपालिकामा तलब नपाएर शिक्षकले कक्षा लिंदैनन् र विद्यार्थीहरू आक्रोशित भएर नगरपालिकाको करोडौंको भौतिक सामग्री जलाउँछन् तर पनि जिम्मेवारी लिन कोही तयार हुँदैन। प्रमुख प्रशासकीय अधिकृत एवं मेयरबीच तालमेल छैन भने जनतासँग कस्तो तालमेल होला ? जनतासँग तालमेल नै गर्न नसक्ने नेताले कसरी जनमैत्री विकास गर्न सक्ला ?

उही नगरपालिकामा स्थानीय बाटोको ३० प्रतिशत पनि पिच वा ग्राभेल भएको पाइँदैन । डेढ सय फिट फराकिला बाटाहरू १० फिटमा खुम्चिएका छन् । तर स्थानीय सरकार चासो लिंदैन। खोला वरिपरिका सार्वजनिक ऐलानी पर्ती जग्गाहरू प्रायः अतिक्रमित छन् । सिंचाइका माध्यमहरू ध्वस्त छन्, लाखौं खर्चेर बनेका बोरिङ बिजुलीको लाइनबेगर वर्षौंदेखि चालू हुन सकेको छैन। किसानले आफ्नो खर्चमा बोरिङ गाड्छ, तर स्थानीय सरकार सरकारी बोरिङमा विद्युत्सम्म जडान गर्न जाँगर चलाउँदैन । कमिशनको भरमा बजेट बाँडफाँड हुन्छ, जसमा व्यक्तिगत स्वार्थले नै प्राथमिकता पाएको छ । किसानले सहजरूपमा मलखाद नपाउनु, सिंचाइ नपाउनु, उत्पादनले बजार नपाउनु, कृषिबाट लगानी निकाल्न धौंधौ हुनु, युवाहरू रोजगार नपाएर विदेश पलायन हुनु, रोजगारमूलक शिक्षाको अभाव हुनु, दिनानुदिन कर बढ्दै जानु, समाज विभिन्न वर्गमा विभाजित हुनुमा संविधान दोषी कि नेतृत्वको स्वार्थपरता ? राष्ट्रिय एकताको ठोस पहल नहुनु। मन्त्री बन्नैका लागि पार्टी विभाजन गर्नु र सरकारबाट अवसर पाउने निहितार्थले सरकार समर्थक बन्नु राष्ट्रिय सोच होइन, व्यक्तिवादी सोच हो ।

आम जनतामा नेतृत्वबाट स्कूलिङको प्रभाव पर्छ । यसले पनि नयाँ शक्ति आवश्यक देखिएको छ। आम जनतामा मनोवैज्ञानिक परिवर्तनका लागि पनि नयाँ शक्ति अपरिहार्य देखिएको छ । जसको पूर्ति व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सोच्ने नेतृत्वबाट मात्र सम्भव छ। यसका लागि कुनै दलबाट प्रशिक्षित नभएका, स्वतन्त्र बौद्धिक जमात अगाडि बढ्न सक्नुपर्छ । अहिलेसम्मको राजनीतिमा प्रायः बौद्धिक वर्ग पाखा लागेको छ । अब बौद्धिक शक्ति, जोसँग विकासका योजना छन्, विभेद अन्त गर्ने रणनीति छ । विभेदवादी मनोविज्ञान परिवर्तन गर्न सक्ने स्कूलिङको क्षमता छ, अगाडि आउनुपर्छ र त्यस्तालाई ल्याइनु पनि पर्छ। अब बन्ने नयाँ शक्ति कुनै पनि दलबाट फाइदा नलिएका निष्पक्षहरूबाट नै बन्नुपर्छ। पार्टी फोडेर आउनेहरूको हबिगत देखिसकिएको छ । प्रधानमन्त्रीसम्म बनेका नेताले पार्टी फोडेर नयाँ दल खोलेको इतिहास छ । यसर्थ अहिलेको विकृति हटाउन तथा विकास गर्न नयाँ शक्ति अपरिहार्य छ । आशा गरौं नयाँ शक्ति चाँडै निर्माण हुनेछ।

# तीन ऐन संशोधन र एउटा खारेज गरी ल्याइएको सहकारीसम्बन्धी अध्यादेशमा के छ ?

काठमाडौं, १५ पुस/रासस

सरकारले तीनवटा ऐन संशोधन र एउटा ऐन खारेज गरी 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१' ल्याएको छ । मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतवार यो अध्यादेश जारी गरेका हुन् ।

अध्यादेशमार्फत सहकारी ऐन २०७४, नेपाल राष्ट्र बैंक ऐन २०५८ र निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ संशोधन गरिएको छ भने राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज भएको छ ।

अध्यादेशले बचत तथा ऋण सहकारी संस्थाको नियमनका लागि 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' गठन गर्ने व्यवस्था ल्याएको छ । अब बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको दर्ता प्राधिकरणले निर्धारण गरेको मापदण्डबमोजिम स्थानीय तहमा मात्र हुनेछ । यस्ता सहकारी संस्थालाई तोकिएको आधारमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा वर्गीकरण गरिएको छ भने एक वर्षभित्र प्राधिकरणमा दर्ता भइसक्नुपर्नेछ ।

अध्यादेशको व्यवस्था अनुसार एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुन सक्नेछैन। यो व्यवस्था लागू हुँदाका बखत एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थाको सदस्य भएको व्यक्ति एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ। त्यसैगरी, कुनै व्यक्ति बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी अवधिका लागि निर्वाचित हुन र बहाल रहन सक्नेछैन ।

अध्यादेशले सहकारी संस्थाहरूमा व्यक्तिगत बचत तथा ऋणको सीमासमेत तोकेको छ । "एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा रु ५० लाखसम्म, एक जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेको संस्थामा रु २५ लाखसम्म र बढीमा एक जिल्लाभित्र कार्यक्षेत्र रहेको संस्थामा रु १० लाखसम्म मात्र बचत राख्न सकिनेछ," अध्यादेशमा भनिएको छ, "तर यो व्यवस्था हुँदाको बखत कायम रहेको व्यक्तिगत बचतलाई दुई वर्षभित्र कानूनले तोकेबमोजिम कायम गरिसक्नुपर्नेछ।"

त्यस्तै, बचत तथा ऋण सहकारी संस्थाको प्राथमिक पूँजी कोषको १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सकिनेछैन । सहकारी संस्थामा रु १० लाखभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्यरूपमा त्यस्तो रकमको स्रोत खुलाउनुपर्नेछ । स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्न नहुने व्यवस्था अध्यादेशमा राखिएको छ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी बचत तथा ऋण कारोबारको सूचना आदानप्रदान गर्नुपर्नेछ ।

(बाँकी पाँचौं पातामा)



सर्लाही जिल्लाका उखु किसानहरू यतिबेला उखु काट्नमा व्यस्त छन् । हरिवन नगरपालिका–३ डाबरीमा उखु काट्दै एकजना किसान । तस्वीरः नितेश कर्ण

## फरक समाचार

# ह्वाट्सएपमा आयो नयाँ फिचर

ह्वाट्सएपले आफ्ना प्रयोगकर्ताहरूको अनुभव सुधार गर्न धेरै नयाँ सुविधाहरूमा काम गरिरहेको छ । यद्यपि धेरै नयाँ सुविधा अझै पाइपलाइनमा छन्, मेटा–स्वामित्वको तत्काल सन्देश प्लेटफर्मले आईफोन प्रयोगकर्ताहरूको लागि नयाँ सुविधा प्रस्तुत गरेको छ । यो नयाँ सुविधाले प्रयोगकर्ताहरूलाई एप्लिकेशनभित्र कागजातहरू स्क्यान गर्न अनुमति दिनेछ। यो सुविधा आइओएसको लागि नवीनतम अपडेटको साथ उपलब्ध छ ।





प्रयोगकर्ताहरूले अब कागजातहरू स्क्यान गर्न कुनै तेस्रो पक्षको एप्लिकेशनमा स्विच गर्न आवश्यक छैन। यो सुविधा बिस्तारै रोलआउट हुँदैछ। यदि तपाईंले यो सुविधा पाउनुभएको छैन भने आगामी हप्ता नवीनतम अपडेटको साथ प्राप्त गर्न सक्नुहुन्छ। यो सुविधा ती व्यक्तिहरूका लागि उपयोगी छ जो मल्टिटास्किङको क्रममा छिटो फाइलहरू साझेदारी गर्न चाहन्छन् ।

**फिचरले कसरी काम गर्छः**

नयाँ सुविधाको लागि ह्वाट्सएप प्रयोगकर्ताहरूले पहिले च्याट खोल्नुपर्छ र त्यसपछि शेयरिङ मेनुमा जानुपर्छ। त्यसपछि, प्रयोगकर्ताहरूले डकुमेन्ट विकल्प चयन गर्नुपर्छ ।

त्यसपछि प्रयोगकर्ताहरूले क्यामेराको विकल्प देख्नेछन् । जब प्रयोगकर्ताले क्यामेरामा ट्याप गर्छ, यो खुल्छ र स्क्यान गर्ने विकल्प दिन्छ । त्यसपछि प्रयोगकर्ताहरूले कागजातहरू स्क्यान गर्न र तिनीहरूमा परिवर्तन गर्न सक्छन् ।

सबै काम पूरा भएपछि ती कागजातलाई शेयर गर्न सक्नुहुन्छ । साथै प्रयोगकर्ताहरूले डकुमेन्ट क्रप गर्न र कन्ट्रास्ट र ब्राइटनेशन समायोजन पनि गर्न सक्छन् ।

हाल यो सुविधा आइओएस प्रयोगकर्ताहरूका लागि मात्र उपलब्ध छ र एन्ड्रोइड प्रयोगकर्ताहरूले यसको लागि अझै केही हप्ता कुर्नुपर्ने हुन सक्छ । यसैबीच, ह्वाट्सएपले एउटा अर्को सुविधा पनि ल्याएको छ। भिडियो कलको समयमा प्रयोगकर्तालाई एआर प्रभाव, पृष्ठभूमि र फिल्टरहरू लगाउने सुविधा दिएको छ । यो सुविधा क्यामेरामा रहेको वान्ड आइकनमार्फत प्राप्त गर्न सकिन्छ र यसमा गुफ फेस इफेक्ट, टच अप मोड, लो लाइट मोड र अन्य कस्टमाइजेशल ब्याकग्राउन्डजस्ता विकल्प समावेश छन् ।

# तौल घटाउन धनिया पानी सेवन गर्नुहोस्

खाना पकाउँदा हरेक दिन कुनै न कुनै रूपमा धनिया प्रयोग गर्छौं। कतिपयले धनियालाई सिङ्गै र कसैले धूलोको रूपमा प्रयोग गर्छन् । के तपाईंले कहिल्यै धनियाको पानी पिउनुभएको छ ? यदि पिउनुभएको छैन भने अवश्य पिउनुहोस्। किनभने धनियाको पानी पिउनु स्वास्थ्यका लागि धेरै तरीकाले फाइदाजनक हुन्छ ।



हरेक दिन बिहान खाली पेटमा धनिया–पानी पिउने हो भने धेरै फाइदा हुन्छ। शेफ कुणाल कपूरले इन्स्टाग्राममा धनियाको पानी बनाउने तरीका बताएका छन् । उनका अनुसार धनियाको पानी बनाउन निकै सजिलो छ। यदि तपाईं तौल घटाउन चाहनुहुन्छ वा पाचन प्रणालीलाई स्वस्थ राख्न चाहनुहुन्छ भने यसलाई बिहान खाली पेटमा पिउनु राम्रो मानिन्छ ।

धनियाको पानी बनाउनको लागि चार चम्चा धनियाको दाना चाहिन्छ । यसलाई कचौरामा राख्नुहोस् । अब यसमा ६०० एमएल पानी हाल्नुहोस् र कम्तीमा ३० मिनेटसम्म छोड्नुहोस्। अब यसलाई प्यानमा राखेर ग्याँस बाल्नुहोस्। एक वा दुई मिनेट उमालेपछि कचौरा वा गिलासमा छानेर राख्नुहोस्। अब यो पानी बिहान खाली पेटमा पिउनुहोस् ।

# हृदयघात बढ्नुको कारण अनियमित निद्रा

पछिल्ला केही वर्षदेखि हृदयघातका घटनाहरूमा उल्लेखनीय वृद्धि भएको छ, विशेषगरी २५–४० वर्ष उमेरका युवाहरूमा। पहिले हृदयघात वृद्धवृद्धाको समस्या मानिन्थ्यो तर अहिले युवा पुस्तामा पनि यसको असर परेको छ। यसको मुख्य कारण जीवनशैलीमा आएको परिवर्तन हो, जस्तै लामो समयसम्म काम गर्ने, शैक्षिक तनाव, अत्यधिक स्क्रिन टाइम र अनियमित निद्रा हुन् ।



अनियमित सुत्ने बानी, राति अबेरसम्म काम गर्ने वा सुत्ने समयमा परिवर्तनले मुटुको स्वास्थ्यमा नकारात्मक असर पार्ने भारतको मुटुरोग विशेषज्ञ डा निम्मित सी शाह बताउँछन् । हर्मोन सन्तुलन र हृदय स्वास्थ्य कायम राख्न सही निद्रा महत्त्वपूर्ण हुन्छ । जब यो सन्तुलन बिग्रन्छ, उच्च रक्तचाप, मधुमेह र मोटोपना जस्ता रोगको जोखिम बढ्छ, जसले अन्ततः हृदय रोग निम्त्याउन सक्छ । निद्राको कमीले शरीर सुन्निने, रक्तचापमा उतारचढाव, मेटाबोलिक डिसरेगुलेशन जस्ता समस्या निम्त्याउने र यसबाट हृदयघात हुन सक्ने डा. शाह बताउँछन्।

**निद्रा सुधार गर्न सुझावहरू :** साताको एक दिन दिउँसो नियमितरूपमा सुत्नुपर्छ। यसले शरीरको जैविक घडी सेट गर्छ र राम्रो महसूस गराउँछ ।

सुत्नु अघि स्क्रीन प्रयोग कम गर्नुपर्छ। कोठामा शान्ति र अन्धकार हुनुपर्छ जसले गहिरो निद्रा ल्याउँछ। क्याफिन, निकोटिन र भारी खाना खानुहुँदैन यसले निद्रामा गडबडी निम्त्याउँछ। नियमित व्यायामले पनि निद्रामा सुधार गर्छ। यदि निद्राको समस्या रहिरह्यो भने विशेषज्ञसँग परामर्श गर्नुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाका ३९औं राष्ट्रपति जिमी कार्टरको १०० वर्षको उमेरमा निधन

एटलान्टा, १५ पुस/एपी

अमेरिकाका ३९औं राष्ट्रपति जिमी कार्टरको एक सय वर्षको उमेरमा निधन भएको छ।



अमेरिकाका ३९औं राष्ट्रपति जिमी कार्टर। तस्वीरः रासस

वाटरगेट काण्ड र भियतनाम युद्धपछि राष्ट्रपति पद जित्ने बदाम–किसान जिम्मी कार्टरले ह्वाइट हाउसको कार्यकालपछि विश्व मानवतावादीको रूपमा जीवनलाई पुनः परिभाषित गरेका थिए।

सबैभन्दा लामो समय बाँचेका अमेरिकी राष्ट्रपतिको आइतवार जर्जियाको सानो शहर प्लेन्सस्थित आफ्नै घर होस्पिस केयरमा प्रवेश गरेको लगभग २२ महीनापछि निधन भयो। त्यहाँ उनी र उनकी पत्नी रोजालिनले आफ्नो जीवनका अधिकांश समय बिताए। रोजालिनको सन् २०२३ नोभेम्बरमा ९६ वर्षको उमेरमा निधन भएको थियो।

"हाम्रा संस्थापक, पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टरको आज दिउँसो प्लेन्स, जर्जियामा निधन भयो"–कार्टर सेन्टरले सामाजिक मीडिया प्लेटफर्म एक्समा भन्यो।

राष्ट्रपति जो बाइडेनले कार्टरको निधनमा शोक व्यक्त गर्दै विश्वले एक 'असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी' गुमाएको र आफूले एक प्रिय मित्र गुमाएको बताए।

बाइडेनले रोग उन्मूलन, शान्ति स्थापना, नागरिक र मानव अधिकारलाई अगाडि बढाउन, स्वतन्त्र र निष्पक्ष चुनावलाई बढावा दिन र घरबारविहीनहरूलाई सहयोग गर्न उदाहरणका रूपमा कार्टरको कामलाई उद्धृत गरे।

"यस देशका सबै युवाका लागि उद्देश्य र अर्थको जीवन बिताउनुको अर्थ के हो भनेर खोज्ने जो कोहीले राम्रो जीवन, सिद्धान्त, विश्वास र नम्रताका मानिस जिमी कार्टरलाई अध्ययन गर्नुहोस्"– बाइडेनले विज्ञप्तिमा भनेका छन्।

बाइडेनले आइतवार साँझ कार्टरबारे कुरा गर्दै यसलाई 'दुःखद दिन' तर 'अविश्वसनीय मात्रामा राम्रा सम्झनाहरू फिर्ता ल्याउने' भने। "म जिमी कार्टरसँग ५० वर्षभन्दा बढी समयदेखि समय बिताउँदै आएको छु"– बाइडेनले भने।

उनले सन् २०१५ मा आफ्नो छोरा ब्यु को क्यान्सरबाट निधन हुँदा पूर्वराष्ट्रपतिले आफू र आफ्नी पत्नी जिललाई सान्त्वना दिएको सम्झना गरे।

अमेरिकी राष्ट्रपति जो बाइडेनले जिमी कार्टरको सम्झनामा जनवरी ९ लाई राष्ट्रिय शोक दिवसको रूपमा मनाउने घोषणा गरेका छन्।

बाइडेनले ह्वाइट हाउसमा जारी गरेको घोषणामा भनेका छन्–"म अमेरिकी जनतालाई त्यस दिन आआफ्नो पूजास्थलमा भेला हुन आह्वान गर्छु र त्यहाँ राष्ट्रपति जेम्स अर्ल कार्टर जुनियर (जिम्मी कार्टर) को स्मृतिमा श्रद्धाञ्जलि अर्पण गर्न आह्वान गर्छु।"

उनले थप भने–"म हाम्रो दुःखमा सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण विश्व समुदायलाई शोकको यस घडीमा उक्त पवित्र कार्यमा हामीसँग सामेल हुनका लागि आग्रह गर्छु।"

## इथियोपिया सडक दुर्घटनाः ७१ जनाको मृत्यु

नैरोबी, इथियोपिया, १५ पुस/एएफपी

दक्षिण इथियोपियामा आइतवार सडक दुर्घटना हुँदा कम्तीमा ७१ जनाको मृत्यु भएको स्थानीय प्रहरी अधिकारीले बताएका छन्।

सिदामा प्रहरी आयोग, ट्राफिक रोकथाम तथा नियन्त्रण निर्देशनालयले आइतवार राति आफ्नो फेसबूकमा लेखेको छ, "दुर्घटनामा परी ६८ पुरुष र तीन महिलाको मृत्यु भएको छ।"

स्थानीय समय अनुसार आइतवार साँझ ५:३० बजेतिर गाडी सडकबाट नदीमा खसेको प्रहरीले जनाएको छ।

"घटनामा अन्य दुईजना गम्भीर घाइते भएका छन्," पोस्टमा भनिएको छ, "प्रहरीले दिएको जानकारीमा घटनाको समयमा बसमा कति यात्री सवार थिए भन्नेबारे जानकारी दिइएको छैन।"

राजधानी अदिस अबाबाबाट करीब ३०० किलोमिटर दक्षिणमा रहेको सिदामा राज्यको बोना जुरिया बोर्डामा दुर्घटना भएको हो।

स्वास्थ्य ब्युरोले यस अघि सार्वजनिक गरेको धमिलो तस्बिरमा पानीमा आंशिकरूपमा डुबेको एउटा गाडीलाई घेरेको र धेरैले त्यसलाई पानीबाट बाहिर निकाल्न प्रयास गरिरहेको देखिएको थियो।

ब्युरोले सार्वजनिक गरेका अन्य तस्बिरमा मृतकहरूलाई भुइँमा नीलो त्रिपालले छोपिएका देखिन्छन्।

अफ्रिकाको दोस्रो ठूलो जनसङ्ख्या भएको इथियोपियामा सडकको दुरवस्था, पुराना सवारीसाधन र चालकले गर्ने ट्राफिक नियम उल्लङ्घनका कारण हरेक वर्ष सयौं नागरिकले अकालमा ज्यान गुमाउने गर्छन्। रासस

## बेल्जियमः सन् २०२४ को बिदाइसँगै ई–सिगरेटमाथि प्रतिबन्धको घोषणा

ब्रसेल्स, बेल्जियम, १५ पुस/एएफपी

स्याउ, तरबुज र कोलालगायत स्वादका कारण युवापुस्तामाझ निकै लोकप्रिय रहेको एकल–प्रयोगका लागि बनेको विद्युतीय–चुरोट (ई–सिगरेट)को सेवनलाई बेल्जियमले प्रतिबन्धित गरेको छ।

राष्ट्रिय तमाखुविरोधी योजनाको एक भागको रूपमा युवाहरूको स्वास्थ्यको रक्षाका लागि बेल्जियममा सन् २०२५ जनवरी १ देखि 'डिस्पोजेबल भेप्स (विद्युतीय–चुरोट)' बेच्न निषेध गरिनेछ।

युरोपियन युनियनले सन् २०४० सम्ममा सुर्तीजन्य पदार्थमुक्त उत्पादन हासिल गर्ने लक्ष्य लिएको छ, जसले २७ देशको समूहको धुम्रपान गर्ने जनसङ्ख्यालाई हाल २५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतभन्दा कममा झार्ने छ।इयूका केही देशले त्यो समयसीमालाई अगाडि ल्याउने योजना बनाएका छन्।

पारम्परिक सुर्तीजन्य पदार्थको धुम्रपानभन्दा 'भ्याप्स'लाई कम हानिकारक भनी विज्ञापन गरिने गरिएको छ। निर्माताहरूले युवा प्रयोगकर्ताहरूलाई उनीहरूको आकर्षक रङ्गीन पाकेट र मुख रसाउने स्वाद र प्रदूषित धूवाँ र गन्धबाट बच्न विद्युतीय चुरोटको प्रयोग गर्न प्रेरित गर्ने गरेको पाइन्छ।

विद्युतीय चुरोटलाई सुरक्षित भनी निर्माताहरूले गर्ने प्रचारका बावजूद पनि यिनीहरूमा निकोटिन हुन्छ र यसले मानिसलाई धुम्रपानका लागि अत्यधिक लत लाग्छ। आलोचकहरूले प्रतिबन्धलाई यो अधिक पारम्परिक तमाखु उत्पादनहरूको लागि सम्भावित कदम भएको दाबी गरेका छन्।

बेल्जियमको धुम्रपानविहीन समाज गठबन्धन प्रवक्ता नोरा मेलार्डले भनिन्, "समस्या के हो भने युवाहरूले आफ्नो निकोटिनको मात्रा थाहा नपाई भ्याप्स प्रयोग गर्न थाल्छन् र निकोटिनको लतमा फस्छन्।"

उनले एएफपीसँग भनिन्, "हामीलाई प्राप्त जानकारी अनुसार युवाहरूले रातको समयमा उठेर विद्युतीय चुरोट सेवन गर्छन् र यो धेरै चिन्ताजनक विषय हो।"

बेल्जियमले पाँच वर्षभन्दा पहिले बजारमा आएका डिस्पोजेबल ई–सिगरेटद्वारा उत्पन्न खतराहरूबारे द्रुतरूपमा प्रतिक्रिया जनाउँदै सन् २०२१ मा सङ्घीय सरकारले इयूको कार्यकारी निकाय युरोपेली आयोगमा डिस्पोजेबल भेप्समाथि प्रतिबन्ध लगाउने प्रस्ताव पेश गरेको थियो।

कुनै पनि बिक्री प्रतिबन्धको लागि आफ्नो अनुमोदन लिनुपर्ने आयोगले मार्च २०२४ मा बेल्जियमलाई सकारात्मक प्रतिक्रिया दिएको र यसले राष्ट्रिय कानून लागू गर्न मार्ग प्रशस्त गरेको छ।

फ्रान्सले पनि यस्तै प्रतिबन्धका लागि इयूको स्वीकृति पाएको छ। कुनै पनि उल्लङ्घनको लागि एक लाख चार हजार अमेरिकी डलर बराबरको जरिवानासहित भेप्सको उत्पादन, बिक्री र निश्शुल्क आपूर्तिमा प्रतिबन्ध लगाउनेछ कानून कार्यान्वयनमा ल्याउने तयारी फ्रान्सले गरेको छ।

फ्रान्स र बेल्जियमका स्वास्थ्य अधिकारीहरूले निकोटिनको दीर्घकालीन सेवन विशेषगरी किशोरकिशोरीको मस्तिष्कका लागि हानिकारक हुने र यसले अन्य लागूपदार्थको प्रयोगलाई प्रोत्साहित गर्न सक्ने बताएका छन्।

सन् २०२३ मा इयूले गरेको एक अध्ययन अनुसार अधिकांश विद्युतीय चुरोट प्रयोगकर्ताले रिचार्जेबल भेप रोज्ने गरेको तर डिस्पोजेबल संस्करण १५ देखि २४ वर्ष उमेर समूहका युवामाझ लोकप्रिय रहेको पाइएको छ।

कम लागत, सेवन गर्न सजिलो र सामाजिक मीडियामा जताततै विज्ञापन आएका कारण डिस्पोजेबल भेप्स पनि उनीहरूको आकर्षण हुने गरेको छ।

पाँच वा छ युरोमा पाइने डिस्पोजेबल भेप्स २० पाकेट चुरोटको आधा मूल्य हो। विशेषज्ञहरूका अनुसार नौ हजार सर्को तान्न मिल्ने क्षमता भएका केही भेप्समा ३०० भन्दा बढी चुरोटबाट पाउने सन्तुष्टि मिल्ने गर्छ।

ब्रसेल्सका धेरै तमाखुपसलमा एकल–प्रयोग ई–सिगरेटको अभाव भइरहेको देखिन्छ। प्रतिबन्धका कारण निर्माताले आफ्ना उत्पादनलाई रोकेका छन्। रासस

### दूधमति ...

मन्दिरसहित पार्क, प्रत्येक दुई/दुई किलोमिटरको दूरीमा ड्यामको व्यवस्था गरिनेछ।

कार्यक्रममा स्थानीय तहका तर्फबाट क्षीरेश्वरनाथ नगरपालिकाका प्रमुख सुखदेव यादवले परियोजना शुरू भएपछि नगरपालिकाबाट रु २५ लाख र लक्ष्मीनिया गाउँपालिकाका प्रतिनिधिले रु ११ लाख सहयोग गर्ने प्रतिबद्धता जनाए।

प्रदेश सरकारका ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयले प्रारम्भिक चरणमा चालू आर्थिक वर्ष २०८१/८२ मा रु दुई करोड ५० लाख रुपैयाँ बजेट छुट्याएको छ। आगामी वर्षदेखि डिपिआर अनुसार बढीभन्दा बढी बजेट छुट्याउने मन्त्री यादवले बताए।

मन्त्रालयका सचिव अन्सारीका अनुसार नापजाँचका लागि नापी शाखा धनुषाका अमिन रामकृपाल अधिकारीको नेतृत्वमा चार सदस्यीय टोली खटाइएको छ। धनुषा र महोत्तरी नापी शाखालाई नापजाँचका लागि तीन महीनाको समयावधि दिइएको छ। नापजाँच सकिएपछि उत्खननको काम अघि बढाइनेछ।

### तीन ऐन संशोधन ....

"कर्जा सूचना केन्द्रले सदस्य सहकारी संस्थाको कर्जा प्रवाहमा वस्तुगत उद्देश्य र उपयुक्तता कायम गर्न त्यस्तो सहकारी संस्थाले प्रवाह गरेको ऋणको सूचना पनि प्राप्त गर्न सक्नेछ," अध्यादेशमा भनिएको छ, "सहकारी संस्थाले रु १० लाखभन्दा बढी ऋण कारोबारको सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ र समयमा ऋण नतिर्ने ऋणीको नाम प्रत्येक तीन महीनामा अनिवार्यरूपमा कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।" त्यस्तै, बचत तथा ऋण सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रूपमा सदस्यता लिनुपर्नेछ।

सहकारी क्षेत्रमा अहिले देखिएको समस्या समाधान गर्न तथा नियमन र अनुगमनका लागि अध्यादेशमार्फत राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्न सकिने व्यवस्था ल्याइएको छ। सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न प्राधिकरणको स्थापना गरिएको हो।

प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ। प्राधिकरणले आफ्नो वार्षिक प्रतिवेदन सरकारसमक्ष पेश गर्नेछ भने उक्त प्रतिवेदन सरकारले सङ्घीय संसद्को सम्बन्धित समितिमा पेश गर्नेछ। प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुने र यसले कानूनी व्यक्तित्व प्राप्त गर्ने व्यवस्था अध्यादेशमा राखिएको छ।

त्यस्तै, अध्यादेशमार्फत प्राधिकरणको काम, कर्तव्य र अधिकार तोकिएको छ। "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, नियमन, सुपरिवेक्षण, अनुगमन तथा प्रतिवेदन प्रणालीलगायतका विषयमा राष्ट्रिय मापदण्ड बनाइ कार्यान्वयन गर्ने गराउने काम प्राधिकरणको हुनेछ," अध्यादेशमा भनिएको छ, "यस्ता सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड (प्रुडेन्सियल स्टचान्डर्ड्स) जारी गर्ने, बचतकर्ताको बचत सुरक्षाको सुनिश्चित गर्न आवश्यक कार्य गर्ने, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमितरूपमा निरीक्षण गर्ने, उजूरी लिने, प्राप्त उजूरी उपर जाँचबुझ गर्ने र सम्बन्धित संस्थालाई निर्देशन दिनेलगायतका काम प्राधिकरणले गर्नेछ।"

त्यस्तै, नियमन तथा सुपरिवेक्षणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको समन्वयमा रोस्टर तयार गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियामकीय परीक्षण (प्रुडेन्सियल अडिट) प्राधिकरणले गर्नेछ। सहकारीको व्यवस्थापन सूचना प्रतिवेदन प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा लागू गर्ने गराउने, प्रदेश र स्थानीय तहका बचत तथा ऋण सहकारी संस्थाको प्रदेश र स्थानीय तहसँग समन्वय गरी संयुक्तरूपमा अनुगमन, नियमन तथा सुपरिवेक्षण गर्ने गराउने काम प्राधिकरणको रहेको छ।

प्राधिकरणसमक्ष परेको बचत रकम हिनामिनालगायतका उजूरीको कारबाई र किनारा गर्दा प्राधिकरणलाई प्रचलित कानूनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुने व्यवस्था अध्यादेशमा राखिएको छ। जस अन्तर्गत कुनै व्यक्तिलाई प्राधिकरणसमक्ष उपस्थित गराइ बयान गराउने वा जानकारी लिने, साक्षी बुझ्ने, सरकार तथा मातहतका निकाय वा सार्वजनिक संस्थामा रहेको कुनै लिखत कागजात पेश गर्न आदेश दिने, स्थलगत निरीक्षण गर्ने, गराउने तथा दसी प्रमाण पेश गर्न आदेश दिनेलगायतका अधिकार दिइएको छ।

"प्राधिकरणले यो ऐन वा यस अन्तर्गत बनेका नियम बमोजिमको कुनै विषय पालना नगर्ने बचत तथा ऋण सहकारी संस्थालाई रु पाँच लाखदेखि १५ लाखसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ," अध्यादेशमा भनिएको छ, "यस्ता सहकारी संस्थाका सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीले यस ऐन वा ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा रु एक लाखदेखि पाँच लाखसम्म जरिवाना गर्न सक्नेछ र त्यस्ता सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाईका लागि लेखी पठाउन सक्नेछ।"

समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाका सदस्यले जम्मा गरेको रु पाँच लाखसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्ने व्यवस्था अध्यादेशमा राखिएको छ। सदस्यले जम्मा गरेको रु पाँच लाखभन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकैपटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाइ सदस्यको बचत रकम आनुपातिकरूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्राधिकरणले सहकारी संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ। धितो सुरक्षण बिक्री गर्नु अघि सम्बन्धित ऋणीलाई सहकारी संस्थाको ऋण चुक्ता गर्न समय दिई सो अवधिभित्र ऋण चुक्ता नगरेमा त्यस्तो धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गर्नुपर्नेछ। त्यस्तो धितो सुरक्षण बिक्री गर्दा ऋणीले तिर्नुपर्ने रकमभन्दा बढी रकम प्राप्त हुन आएमा ऋणीको रकम चुक्ता भई बाँकी रहेको रकम त्यस्तो ऋणीलाई फिर्ता दिनुपर्ने अध्यादेशमा उल्लेख छ। समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट बेहोरिने अध्यादेशमा जनाइएको छ।

अध्यादेशमार्फत नेपाल राष्ट्र बैंक दफा ८८ मा संशोधन गरी कर्जा सूचना केन्द्रले बैंक तथा वित्तीय संस्थासँगै सहकारीसम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाको पनि सूचना लिन पाउने व्यवस्था ल्याइएको छ। त्यस्तै, निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ मा संशोधन गरी सहकारी संस्थाहरूलाई निक्षेप तथा कर्जा सुरक्षण कोषको अधिकार क्षेत्रभित्र ल्याइएको छ।

अध्यादेशमार्फत राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज गरिएको छ। अब राष्ट्रिय सहकारी विकास बोर्डको चल–अचल सम्पत्तिलगायतका जायजेथा, दायित्व र सो बोर्डमा कार्यरत कर्मचारी प्राधिकरणमा स्वतः सर्नेछ। हाल बहाल रहेका राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य यो दफा प्रारम्भ भएपछि आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछन्।

**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MD2A11CYOHRF37898, इन्जिन नं DHYRHF24111 भएको ना.५१प ५३१८ नम्बरको बजाज कम्पनीको १५० सिसीको रातो–कालो रङ्गको पल्सर मोटरसाइकल २०८१/०९/१२ गते दिउँसो करीब ३:०५ बजे भारत, बिहारको रक्सौल बजारस्थित श्रीमान–श्रीमती कपडापसल अगाडि पार्किङ गरेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८२५२४९६४५, ९८०२९२८८६७ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

- महेन्द्र ठाकुर हजाम
जीतपुरसिमरा उपमनपा-७

**आजको राशिफल**

| | |
|---|---|
| मेष – ईश्वरभक्ति | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – कडाश्रम |
| सिंह – कार्यनाश | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – कान्तिक्षय |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**Vacancy**

We are looking for **"Office Assistant"**

**Requirements:** Good user of computer and basic office software, Preferably female, Knows Nepali typing, Good communication skills, Has completed Bachelors degree, Minimum 1 year experience in office and administration task.

Job Location:- Birgunj

Send us your cv at: **homedellogistics@gmail.com**

**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।**

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



वीरगंज महानगरपालिका–३२ टेढास्थित मन मिश्र निमाविमा स्मार्ट बोर्डको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिंदै । तस्वीरः धर्मेन्द्र चौरसिया

# महानगरमा थप ८० वटा सिसिटिभी क्यामरा जडान

प्रस, वीरगंज, १५ पुस/

वीरगंज महानगरको शहरी क्षेत्रमा थप ८० वटा सिसिटिभी क्यामरा जडान हुने भएको छ। महानगरको शहरी क्षेत्रका सार्वजनिकस्थलमा हाल ८० वटा सिसिटिभी क्यामरा जडान गरिएकामा थप ८० वटा सिसिटिभी क्यामरा जडान गरिने वीरगंज उद्योग वाणिज्य सङ्घ अन्तर्गतको सेफर वीरगंजका संयोजक मनोज दासले जानकारी दिए।



त्यसका लागि सोमवार वीरगंज महानगरपालिका, सेफर वीरगंज र जिल्ला प्रहरी कार्यालय, पर्साबीच त्रिपक्षीय सम्झौता भएको छ। वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको कार्यकक्षमा उनको रोहबरमा त्रिपक्षीय सम्झौता गरिएको हो।

सम्झौतापत्रमा वीरगंज महानगरपालिकाका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, सेफर वीरगंजबाट वीउवासङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल र जिल्ला प्रहरी कार्यालय, पर्साबाट प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलले हस्ताक्षर गरेको सेफर वीरगंजका संयोजक दासले जानकारी दिए।

उनका अनुसार पावरहाउस चोकदेखि उत्तर र पश्चिमतर्फको सडक र टोलका साथै जनघनत्व बढी भएका टोलमा थप ८० वटा सिसिटिभी क्यामरा जडान गरिनेछ। साथै त्यसका लागि वीरगंज महानगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्ने, अपुग रकम जोहोको लागि सेफर वीरगंजले बैंक तथा वित्तीय सङ्घसंस्थासँग समन्वय गर्ने र जिल्ला प्रहरी कार्यालय, पर्साले जडान गरिएका सिसिटिभी क्यामराको कन्ट्रोल रूमका साथै रेखदेखको जिम्मा लिने सम्झौतापत्रमा उल्लेख गरिएको छ।

सिसिटिभी क्यामराको सञ्जालमार्फत वीरगंज शहरलाई थप सुरक्षित र भयरहित बनाउने उद्देश्यले शहरका विभिन्न स्थानमा थप सिसिटिभी क्यामरा जडान गर्न लागिएको र त्यसका लागि सोमवार त्रिपक्षीय सम्झौता गरिएको नगरप्रमुख सिंहले बताए।

सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा सेफर वीरगंजका संयोजक दास, नगरप्रमुखका स्वकीय सचिव सत्यराज घिमिरे, योजना सल्लाहकार इन्जिनीयर प्रकाश अमात्य, जनसम्पर्क सल्लाहकार हरि पोखरेल लगायतको सहभागिता थियो।


## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजीकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजीकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समयसमयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेशन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं।

नेपाल सरकार

विज्ञापन बोर्ड







## प्रअको बिदाइ

नरेश यादव, पर्सागढी, १५ पुस/

पर्सागढी नगरपालिका–५ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुअर्वासिराका प्रधानाध्यापक रामाशिष यादवको आइतवार बिदाइ गरिएको छ।

पर्सागढी नगरपालिकाका पूर्वप्रमुख लोकनारायण यादवले २०४० सालदेखि



निरन्तर शिक्षा पेशामा रहेर कुशल प्रअको जिम्मेवारी निर्वाह गरेका प्रअ यादवले विद्यालयको शैक्षिक स्तरोन्नतिको लागि दिएको योगदानको चर्चा गर्दै प्रशंसा गरेका थिए।

प्राविदेखि शुरू भएको यो विद्यालय प्रअ यादवकै पालामा माविमा स्तरोन्नति भएको हो। कार्यक्रममा शिक्षक, विद्यार्थीलगायतको सहभागिता थियो।

## न्यानो कपडा सहयोग

प्रस, सिम्रौनगढ, १५ पुस/

सिम्रौनगढ नगरपालिका–२ अमृतगंजमा सोमवार सांसद अच्युत मैनालीको समन्वयमा कान्तिपुर भेट डिस्ट्रिब्युटर्सको तर्फबाट सोना सुवेदी बडालले गरीब, विपन्न परिवारलाई कम्बल, ज्याकेट वितरण गरेकी छन्।

सिम्रौनगढ–२ अमृतगंज र मौवाही नौकाटोला बस्ने गरीब, विपन्न परिवारलाई जाडोमा न्यानो कपडाको अभाव रहेको थाहा पाएर सांसद मैनालीको पहलमा बडालले आर्थिक सहयोग गरी सय थान कम्बल र ज्याकेट वितरण गरेकी थिइन्।

# खेलकूदको संसार

## जय शाह ट्रफीको लागि नारायणी क्रिकेट ग्राउन्डको तयारी अन्तिम चरणमा

प्रस, परवानीपुर, १५ पुस/

तीन दिवसीय जय शाह ट्रफी क्रिकेट प्रतियोगिताको तयारी वीरगंजमा तीव्र गतिमा भइरहेको छ। आगामी जनवरी ५ देखि १६ सम्म हुने यो प्रतियोगिताको आयोजक नेपाल क्रिकेट सङ्घ हो। क्यान पर्सा र धनुषाको सहकार्यमा वीरगंज र




तस्वीरः प्रतीक

जनकपुरमा आयोजना हुने यो प्रतियोगितामा पिएम कपका उत्कृष्ट चार टीम मधेस, बाग्मती प्रदेश, नेपाली सेना र नेपाल प्रहरी सहभागी हुनेछन्। प्रतियोगिताका छवटा लिग म्याचमध्ये तीनवटा वीरगंजमा र तीनवटा जनकपुरमा आयोजना हुने तालिका छ। प्रतियोगिताको उद्घाटन समारोह र फाइनल खेल जनवरी १४ देखि वीरगंजमा आयोजना हुने क्यान पर्साका अध्यक्ष मनीष सिंहले जानकारी गराए।

नेपाल क्रिकेट सङ्घका केन्द्रीय सदस्यसमेत रहेका सिंहले करीब २०–२५ वर्षदेखि लामो फर्मेटको यो प्रतियोगिता आयोजना हुँदै आएको बताए। प्रतिदिन ८५–९० ओभरसम्म सेतो जर्सीमा रातो डिज बलले खेलाइने यो सानो फर्मेटको टेस्ट क्रिकेट हो। यसमा रन बनाउनुका साथै विकेट पनि बचाएर खेल्नुपर्ने भएकोले यसलाई टेस्ट क्रिकेटको प्री–म्याच पनि भनिन्छ।

एलिट कपको नामले पनि चिनिने यो प्रतियोगिताको तयारीको क्रममा तीन महीनादेखि वीरगंजको नारायणी क्रिकेट ग्राउन्डमा तीनवटा विकेटलाई अन्तर्राष्ट्रियस्तरमा निर्माण गरिएको छ भने ९५ यार्डबीचको क्षेत्रलाई मरम्मतसम्भार र घाँस रोपेर चिटिक्क पारिएको छ। निश्शुल्क हेर्न सकिने यो प्रतियोगिताका सम्पूर्ण खेल प्रत्यक्ष प्रसारण गर्ने लक्ष्य पनि रहेको छ। दर्शकले सहजै मोबाइल र टिभीमा हेर्न सक्ने क्यान पर्साका अध्यक्ष सिंहले बताए। यो प्रतियोगितामा सहभागी चारवटा टीममा चर्चित खेलाडीहरूको समेत सहभागिता रहनेछ। तर दीपेन्द्र सिंह ऐरी, कुशल मल्ल फ्रेन्चाइजी खेल खेल्ने भएकाले नखेल्ने, मधेस प्रदेशका अनिल साह घाइते छन्। रोहित पौडेल र सन्दीप जोरा सहभागी चार टीममा नरहेकाले उनीहरूको यो प्रतियोगितामा उपस्थिति देखिंदैन।

## प्रधानमन्त्री कप महिला क्रिकेट बैतडीमा हुने, खेलतालिका सार्वजनिक

बैतडी, १५ पुस/रासस

प्रधानमन्त्री कप महिला टी–२० सुदूरपश्चिम प्रदेशस्तरीय छनोट क्रिकेट प्रतियोगिता बैतडीमा हुने भएको छ। सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका कार्यालय सचिव अनिलकुमार विष्टका अनुसार प्रतियोगिता यही पुस १९ गतेदेखि बैतडीको दशरथचन्द क्रिकेट मैदान, सुन्दरखालीमा हुने भएको हो।

दशरथचन्द क्रिकेट मैदानमा नेपाल क्रिकेट सङ्घको सहयोगमा दुईवटा टर्फ पीच निर्माण गरिएको छ। टर्फ पीचमा खेल गराउँदा खेलाडीलाई माथिल्लोस्तरमा खेल्न सहयोग पुग्ने भएकोले यहाँ प्रदेशस्तरीय छनोट प्रतियोगिता राखिएको बैतडी जिल्ला क्रिकेट सङ्घका अध्यक्ष विनोदबहादुर चन्दले बताए।

पुस २५ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा क्रिकेट सङ्घमा आबद्ध प्रदेश र जिल्लाको सहभागिता रहने प्रतियोगिता संयोजक रमेशबहादुर बोहराले जानकारी दिए। उक्त छनोट प्रतियोगिताको खेलतालिका सार्वजनिक गरिएको छ।

सार्वजनिक खेलतालिका अनुसार सहभागी हुने आठ टोलीलाई दुई समूहमा विभाजन गरिएको सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका सचिव लक्ष्मणदत्त भट्टले बताए। समूह 'ए'मा कैलाली, कञ्चनपुर, डडेल्धुरा र दार्चुला रहेका छन्। समूह 'बी'मा बैतडी, बझाङ, डोटी र अछामलाई राखिएको छ।

पुस १९ गते हुने उद्घाटन खेलमा समूह 'बी'मा रहेका बैतडी र अछाम भिड्दा सोही दिन हुने अर्को खेलमा डोटी र बझाङ खेल्नेछन्। पुस २० गते हुने पहिलो खेलमा डोटी र अछाम तथा दोस्रोमा बैतडी र बझाङ भिड्नेछन्। पुस २१ गते पहिलो खेलमा बैतडी र डोटी तथा दोस्रोमा अछाम र बझाङबीच प्रतिस्पर्धा हुनेछ।

पुस २२ गते पहिलो खेलमा समूह 'ए'मा रहेको कैलाली र कञ्चनपुर तथा दोस्रोमा डडेल्धुरा र दार्चुला खेल्नेछन्। पुस २३ गते पहिलो खेलमा कञ्चनपुर र डडेल्धुरा तथा दोस्रोमा कैलाली र दार्चुलाबीच भिडन्त हुनेछ।

पुस २४ गते हुने पहिलो खेलमा डडेल्धुरा र कैलाली तथा दोस्रोमा कञ्चनपुर र दार्चुला आमनेसामने हुनेछन्। पुस २५ गते समूह 'ए'को विजेता र समूह 'बी'को विजेताबीच फाइनल भिडन्त हुनेछ। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडी छनोट गरेर प्रधानमन्त्री कप महिला राष्ट्रिय प्रतियोगिताका लागि प्रदेशको टोली तयार गरिने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष वासुदेव जोशीले बताए। प्रधानमन्त्री कप महिला राष्ट्रिय प्रतियोगिता माघ पहिलो सातादेखि धनगढीमा हुँदैछ।

## पोखरा अन्तर्राष्ट्रिय ड्रागन बोट दौडको उपाधि चीनलाई

कास्की, १५ पुस/रासस

पोखरामा आयोजना गरिएको दोस्रो संस्करणको 'नेपाल–चीन मैत्रीपूर्ण ड्रागन बोट रेस फेस्टिभल'को उपाधिमा चिनियाँ खेलाडीले वर्चस्व कायम गरेका छन्।

पोखराको फेवातालमा सोमवार सम्पन्न दुई सय र पाँच सय मिटर दौडको फाइनलमा चीनको डोङग्वान लाओयु क्लबले दोहोरो उपाधि हात पारेको छ। दोहोरो उपाधिसँगै उसले १० हजार डलर पुरस्कार पायो।

नेपाल र छिमेकी मुलुक चीनबीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउँदै नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको थियो। चीनकै युनान मिन्जु युनिभर्सिटी दोस्रो तथा लिआओचिङ युनिभर्सिटी तृतीय भए। युनान प्रान्तको नर्मल विश्वविद्यालयले चौथो स्थान हासिल गर्न सफल भयो।




यसैगरी, निर्धारित पाँच सय मिटरको दौडमा लिआओ चेङ युनिभर्सिटी दोस्रो भयो। प्रतियोगितामा युहान युनिभर्सिटी तेस्रो भयो। प्रतियोगितामा पाँच सय र दुई सय मिटर दौडका विजेताले ट्रफी, मेडल तथा प्रमाणपत्रसहित नगद पाँच हजार अमेरिकी डलर, उपविजेताले दुई हजार डलर र तृतीयले एक हजार दुई सय अमेरिकी डलर पुरस्कार प्राप्त गरे।

प्रतियोगितामा सहभागी टोलीलाई पाँच सय डलरका दरले पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ। विजेता खेलाडीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेपालका लागि चिनियाँ राजदूत छन् सोङ, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलगायतले पुरस्कार वितरण गरेका थिए।

गण्डकी प्रदेश, पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा भएको उक्त प्रतियोगितामा २० टोलीको सहभागिता थियो। प्रतियोगितामा चीनका आठ, सिङ्गापुरको एउटा तथा नेपालका ११ टोली सहभागी थिए।

नेपाल–चीन मैत्रीपूर्ण ड्रागन बोट रेस–२०२४ सम्पन्न भएसँगै कार्यक्रमले नेपाल र छिमेकी चीनबीच सांस्कृतिक तथा जनस्तरको सम्बन्धलाई बलियो बनाउन तथा नेपालको पर्यटन प्रवर्द्धन गर्न मदत पुगेको पोखरा महानगरका प्रमुख आचार्यले बताए।